news 24 दैनिक

वर्ष १३ अंक २२ राष्ट्रिय दैनिक | ११ भदौ २०८२, बुधबार भदौ शुक्ल गणेश चतुर्थी | नेपाल संवत् ११४५ | Wednesday 27 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ

# इम्बोस्ड नम्बर प्लेट अब अनुकूलताअनुसार

- नागरिक दबाबपछि विभाग लचिलो
- सवारीधनीले सहजताअनुसार लिए हुने
- अंग्रेजी लिपिमा नै रहने विभागको प्रष्टोक्ति

news 24

**काठमाडौं, भदौ १०**

आगामी असोज १ गतेभित्र सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान नगरे दण्ड/जरिवाना लाग्ने कुरालाई निराधार भन्दै भ्रममा नपर्न विभागले आग्रह गरेको छ। विभागका महानिर्देशक राजिव पोखरेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ 'इम्बोस्ड नम्बर प्लेट जडान सम्बन्धमा सम्पूर्ण सरकारी, निजी र सार्वजनिक सवारी साधनमा क्रमशः जोड्दै लैजाने निर्णय भएको तर, मिति २०८२ असोज १ गतेदेखि जडान नगरेको खण्डमा तुरुन्त जरिवाना वा कारबाहीमा परिने भन्ने भ्रम समेत उत्पन्न भएको विषयलाई तत्काललाई कुनै किसिमको दण्ड/जरिवाना नगरिने व्यहोरा स्पष्ट पारिन्छ।'

यसअघि विभागले २०८१ वैशाख १ गतेदेखि इम्बोस्ड नम्बर प्लेट नभएका सवारी साधनलाई कारवाही गर्ने चेतावनी दिएको थियो। तर व्यावहारिक कठिनाइ, कानूनी विवाद र नागरिक असन्तोषका कारण विभाग पछिल्लो निर्णयमा लचिलो बनेको हो। अब क्रमशः डिजिटलाइजेशन कार्यक्रम अघि बढाइने तर तत्काल कडाइ नगर्ने प्रष्ट गरिएको छ।

यसअघि अनिवार्य गरिएको सूचना जारी गरेसँगै विभाग र सरकारको व्यापक आलोचना र विरोध भइरहेको छ।



तस्बिर : नेपाल फोटो लाइब्रेरी

स्मार्ट लाइसेन्स छापेर बाँड्न नसकेको विभागले सवारीधनीलाई सास्ती दिन इम्बोस्ड नम्बर प्लेट अनिवार्यको सूचना जारी गरेको भन्दै विरोध भएको हो।

नेपालमा इम्बोस्ड नम्बर प्लेट ल्याउने योजना २०७३ सालमा सुरु भएको हो। सरकारले जर्मन कम्पनीसँग सम्झौता गरी करिब २५ लाख थान नम्बर प्लेट उत्पादन गर्ने र करिब २५ करोड रुपैयाँ खर्च गर्ने सम्झौता गरेको थियो।

यो प्रणालीलाई 'स्मार्ट ट्राफिक व्यवस्थापन' र 'डिजिटलाइजेशन' अभियानको हिस्सा भनिएको थियो। २०७५ सालमा परीक्षणस्वरूप काठमाडौं उपत्यकाका केही सरकारी सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरियो तर त्यसपछि प्रक्रिया सुस्त भयो। सवारी दर्तासँगै दिइने नयाँ नम्बरका ठाउँमा इम्बोस्ड नम्बर प्लेट दिइँदैन। यो लिनका लागि छुट्टै प्रक्रिया र शुल्क राखिएको छ। सवारीधनीलाई यहीँ समस्या भएको हो।

*बाँकी पृष्ठ २ मा...*

# राज्यव्यवस्था समितिमा न्यौपाने निर्विरोध

**कांग्रेसले अघि सारेको नाममा एमालेको समर्थन, अरू दल उठेनन्**

**प्रभावशाली समितिको नेतृत्वमा महिला सांसदको निर्णायक उपस्थिति**

**दलहरूबीच सहकार्य र समितिको काम अघि बढाउने चुनौती**



news 24

**काठमाडौं, भदौ १०**

प्रतिनिधिसभा अन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिको सभापतिमा नेपाली कांग्रेसकी सांसद ईश्वरी न्यौपाने निर्विरोध भएकी छन्। रिक्त पदमा मंगलबार उम्मेदवारी दर्ताको तालिका थियो। निर्धारित समयमा न्यौपानेको मात्रै उम्मेदवारी पऱ्यो, अरुले उम्मेदवारी नदिएको प्रतिनिधिसभाका सचिव हर्कराज राईले जानकारी दिएका छन्। प्रतिष्पर्धी नभएकाले न्यौपाने सभापतिमा सर्वसम्मत भएकी हुन्।

राज्य व्यवस्था समितिको बुधबारको बैठकमा न्यौपाने सभापतिमा सर्वसम्मत भएको घोषणा हुनेछ। राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिमा कांग्रेसले अरू आकांक्षीलाई पछि सारेर न्यौपानेलाई अघि बढाएको हो। पार्टीका शीर्ष पाँच नेताको बैठकले न्यौपानेको नाममा सहमति गरेको हो। समितिमा रहेका दिलेन्द्रप्रसाद बडू, अम्बिका बस्नेत, सरिता प्रसाईं र हृदयराम थानी पनि सभापतिका आकांक्षी थिए। त्यही समितिमा रहेकी तर संसदीय सुनुवाइ समितिको सभापति समेत भएकाले न्यौपानेको नाम चर्चा थिएन।

लामो समयदेखि राजनीतिमा सक्रिय कैलाली जोशीपुरकी न्यौपाने पार्टीमा संस्थापन पक्षकी समानुपातिक सांसद हुन्। विगतमा गिरिजाप्रसाद कोइरालासँगको असहमतिले देउवाले छुट्टै पार्टी बनाएका थिए। न्यौपाने देउवाको पार्टीमा थिइन। तत्कालिन माओवादीले घरबास उठाएपछि उनी काठमाडौं आएकी थिइन। कांग्रेसबाट तेस्रोपटक पनि समानुपातिक सांसद बनेकी उनी पार्टीमा राम्रा अवसर पाउने महिला नेतामा पर्छिन्। सभापति देउवाको पार्टीमा पहिलो कार्यकालमा उनी शिक्षा विभाग प्रमुख थिइन्। १४ औं महाधिवेशनमा न्यौपाने महिला खुलातर्फबाट केन्द्रीय सदस्यमा निर्वाचित भएकी थिइन्।

कांग्रेस-एमाले सरकार गठन हुँदा मन्त्रीका लागि पनि उनको नाम चर्चामा थियो। उनलाई राज्यमन्त्री सरह सेवा सुविधा हुने समिति सभापतिको पदको जिम्मेवारी दिइएको छ।

यसअघि समितिको सभापति कांग्रेसकै रामहरि खतिवडाले निजामती सेवा विधेयकमा 'कुलिङ पिरियड' विषयलाई लिएर विवाद बढेपछि पदबाट राजीनामा दिएका थिए। उनले छाडेकाले सभापति रिक्त थियो। कांग्रेसले संसदीय सुनुवाइ समितिको सभापतिबाट राजीनामा गराएर अघि सार्दा एमालेले सहमति जनाएपछि न्यौपानेलाई राज्यव्यवस्थाको नेतृत्वमा सर्वसम्मत हुन सहज भएको हो।

राज्यव्यवस्था समितिले संघीय संरचना कार्यान्वयन, कर्मचारी समायोजन, सुशासन प्रवर्धन, प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रणजस्ता महत्त्वपूर्ण विषयमा निगरानी र निर्देशन दिने भूमिका खेल्दै आएको छ। राजनीतिक वृत्तमा भने समितिको सभापतिमा न्यौपाने निर्वाचित हुनु वर्तमान सन्दर्भमा दलहरूबीच सहकार्य आवश्यक रहेको सन्देशका रूपमा पनि हेरिएको छ। कारण, संघीय संसदमा विधेयक पारितदेखि समितिका कामसमेत दलहरूबीच समन्वयबिनै अगाडि बढ्न कठिन हुने अवस्था रहँदै आएको छ।

## भित्री पृष्ठमा



**समावेशिताको मेरुदण्ड आर्थिक योजना**

*अब व्यक्तिको थर हेरेर सहयोग गर्ने भन्दा पनि थरसँगै उसको आर्थिक अवस्था कस्तो छ, उसलाई के सहयोग गर्नुपर्छ भन्ने कुरामा राज्यले नीति बनाउनुपर्छ*

*(मधुसुदन सुवेदीको विचार)*

- **सुटकेशभित्र शव : प्रेमीले हत्या गरेको शंका, डेरामा भेटियो चप्पल**
- **एक महिनामै सरकारले लियो ४४ अर्ब ५७ करोड ऋण**

# विश्वासको मतमाथिको रिटमा सुनुवाइ सुरू

काठमाडौं (संवाददाता)- नागरिक उन्मुक्ति पार्टी र जनता समाजवादी पार्टीले समर्थन फिर्ता लिएपछि सरकारले विश्वासको मत लिनुपर्ने विपक्षी दलले माग गरिरहेका बेला सर्वोच्च अदालतले परेको रिटमाथि अग्राधिकार दिइ निर्णय गर्ने भएको छ।

सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले मंगलबार उक्त रिटमा 'दुवै पक्षको कुरा सुनी अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा २०८२। ०५।११ गतेको सुनुवाइका लागि अग्राधिकार दिइ विपक्षीहरूलाई नियमानुसार



पेस गर्नु' भन्ने आदेश गरेको छ। सरकारमा सहभागी दल बाहिरिएपछि विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान बाध्यात्मक

**नाउपा र जसपाले समर्थन फिर्ता लिए पनि प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिन आवश्यक ठानेका छैनन्**

वा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत अल्पमतको अंकगणितको सापेक्षतामा आकर्षित हुने हो भन्ने प्रश्न अदालतले उठाएको छ। सरकारले उक्त विषयमा बहुमत पुगेर सरकार गठन भइसकेपछिको अवस्थामा समर्थन गरेका दलले समर्थन फिर्ता लिँदा विश्वासको मत लिनु नपर्ने जिकिर गर्दै आएको छ।

विपक्षीहरूले सरकारको समर्थन गरेर मन्त्रिपरिषद्मा सामेल भएको दलले समर्थन फिर्ता लिइसकेपछि विश्वासको मत लिनु अनिवार्य भएको बताउदै आएका थिए। दुई दलले आफ्नो समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले संधिानअनुसार विश्वास मत लिनुपर्नेमा त्यसो नगरेको भन्दै अधिवक्ता वीरेन्द्र केसीले सर्वोच्चमा रिट दायर गरेका हुन्।










**उखु किसानको आन्दोलनमा नेताहरूको 'फोटोमात्र ऐक्यबद्धता'**

उखु किसान फेरि राजधानीको माइतीघरमा छन्। उनीहरू यसपटक उद्योगीका विरुद्ध उभिएका होइनन्। उनीहरूको माग सरकारसँग छ। सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी, कञ्चनपुर लगायतका जिल्लाबाट आएका किसानहरू सरकारले अनुदान कटौती गरेपछि भुक्तानीको माग गर्दै सडकमा आएका हुन्। मंगलबार आन्दोलनरत किसानलाई सान्त्वना दिन पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल, बाबुराम भट्टराई, माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठलगायत नेताहरू माइतीघर पुगे। कांग्रेस सांसद दीपक कार्की, कल्पना चौधरी, बिना तामाङ र महेन्द्र रायलगायत पनि उपस्थित भए। केहीबेर धर्नामा सडकमा बसे। भाषण दिए। फोटो खिचाए र माग पुरा गराउन दबाब दिने आश्वासन दिए। भाषणमा नेताहरूले किसानका माग जायज भन्दै पूरा गर्न सरकारलाई आग्रह गरे। नेपाल उखु उत्पादक महासंघका अध्यक्ष राजकुमार उप्रेती नेताहरूलाई भेटेर केही आशावादी देखिए। गएपछि उनी निराश देखिन्थे। 'हाम्रा धर्नामा आउँदा सहानुभूति देखाउँछन् तर समस्याको स्थायी समाधानमा जोड दिएका छैनन्,' उनले भने, 'न सरकारमा हुँदा सहानुभूति देखाउँछन् न संसद्मा कुरा उठाउँछन्।' यसैबीच, संयोगवश मंगलबारै सरकारले उखु किसानको भुक्तानीका लागि ७५ करोड रुपैयाँ निकासी गर्ने निर्णय गरेको छ। किसानहरूले भने भुक्तानी मात्र नभई दीर्घकालीन समाधान खोज्नुपर्ने माग गरेका छन्।

*तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# बैंक परिवर्तन हुँदा भत्ता बुझ्न सास्ती



खोटाङ। बैंक परिवर्तन हुँदा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका सामाजिक सुरक्षाभत्ता लिने लाभग्राही समस्यामा परेका छन्। साल्पा विकास बैंकले यसअघि वितरण गर्दै आएको दशमध्ये पाँचवटा वडाका लाभग्राहीका लागि बैंक परिवर्तन भएपछि उनीहरू समस्यामा परेका हुन्।

पन्ध्र वटा वडा रहेको यस नगरपालिकामा सालपा विकास बैंकले यस आर्थिक वर्षदेखि ५, ६, ७, ८, १० र ११ वडामा भत्ता वितरण नगर्ने भएको हो। वडा नम्बर ८ दोर्पाबुवालुङ्मा नबिल बैंक र वडा नं ११ खार्मीमा एनआइसी एसिया बैंकले सामाजिक सुरक्षाभत्ता वितरण गर्ने सहमति गरे पनि सम्झौता गर्न नआएको नगरपालिकाले जनाएको छ। गत साउन १ गते नगरपालिका र बैंकबीच सहमति भएको थियो। तर बैंकहरू कार्यान्वयनका लागि नआएपछि भदौ ८ गते लिखित रूपमा बैंकलाई पत्राचार गरिएको प्रवक्ता दिनेश घिमिरेले जानकारी दिए।

राज्यले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षाभत्ता वितरण गर्ने बैंक टुंगो नलागेपछि लाभग्राहीहरू खाता खोल्न भनेर दिक्तेल आए पनि फर्कन बाध्य भएका छन्। भत्ता वितरण गर्ने बैंक टुंगो लागेका वडाका लाभग्राहीका लागि पनि नयाँ खाता खोल्न बैंकले अनिवार्य राष्ट्रिय परिचयपत्र लागू गरेपछि झनै समस्यामा परेका छन्।

राज्यले उपलब्ध गराउँदै आएको सेवा उपभोग गर्न सास्ती भोग्नुपरेको रुपाकोट मझुवागढी नगरपालिका वडा नम्बर ११ खार्मीका ७८ वर्षीय लाभग्राही ज्ञानबहादुर राईले दुःखेसो गरे। अपांगता भएका व्यक्ति, ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक र १६ वर्षमुनिका बालबालिकाका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छैन। तर, सामाजिक सुरक्षाभत्ता तथा बैंकिङ कारोबारका लागि जिल्लामा सञ्चालित सबै बैंकले राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि लाभग्राही समस्यामा परेका हुन्। रासस

### सुटकेशभित्र शव

# अनुसन्धानले गऱ्यो हत्याराको संकेत, संदिग्ध फरार

**वालविक्रम कार्की**
**रौतहट, भदौ ९**

गौरमा सुटकेशभित्र शव भेटिएको घटनाका संदिग्ध कसुरवार प्रहरीको राडारबाट बाहिर पुगेको छ।

हत्यामा संलग्नको शंका गरिएका युवक फरार भएका छन्। प्रहरी स्रोतका अनुसार हालसम्मको अनुसन्धानले हत्या गौर-५ बालमन्दिर पछाडि डेरा गरेर बस्ने लक्ष्मण पासवानले गरेको भन्ने संकेत गरेको छ। पासवान वैदेशिक रोजगारीमा मलेसियामा थिए। करिब तीन साताअघि स्वदेश फर्किएका हुन्।

मृतक साहको माइती गाउँ माधवनारायणको माधवपुरमा थियो, पासवानको घर पनि त्यहीँ हो। मलेसियाबाट फर्किएपछि पासवान घर गएका थिएनन्। गौरमा डेरा गरेर बसेका थिए।

'पासवानको डेरामा मृतक साहको चप्पल फेला परेको थियो। त्यो चप्पल छोरीको भनेर आमाले सनाखत गरिन्,' प्रहरी स्रोतले मंगलबार भन्यो, 'मृतक र पासवानबीच प्रेम सम्बन्ध थियो, उनी त्यो दिन पासवानलाई भेट्न उनको कोठामा पुगेको हुनुपर्छ भन्नेसम्म अनुसन्धानमा पाइएको छ।'



पासवान डेरा गरेर बसेको घरमा बस्नेहरू र स्थानीयबासीसँग प्रहरीले सोधपुछ गरेको थियो। साह यसअघि पनि पटक-पटक पासवनको कोठामा आउने गरेको जानकारी दिएको खुलेको छ। लास लैजान प्रयोग गरेको सुटकेश पासवानले विदेशबाट फर्किदा आफूसँगै लिएर आएका थिए। पासवानको कोठामा अर्को एउटा सुटकेश पनि भेटिएको प्रहरी स्रोतले बताएको छ।

पासवान भने रुविको शव भेटिएको विहानदेखि नै बेपत्ता छन्। शनिबार राति पासवान भारी भरकम सुटकेश लिउर कोठाबाट निस्केका थिए। गौरको कवीरचोकबाट ५ सय रुपैयाँ भाडामा अटोरिक्सा लिएर गएका थिए। बरहथवा पुलपारि पुगेपछि अटोरिक्सा बिग्रियो। उनी सुटकेशसहित उत्रिए र पैदले अगाडि बढेका थिए। त्यसपछि सुटकेश बाटैमा छाडेर भागेको प्रहरीको अनुमान छ।

पासवान चढेको अटोरिक्साका चालक राजकुमार महरा अहिले प्रहरीको नियन्त्रणमा छन्। घटनास्थल भारतीय सीमा नजिक भएकाले पासवान पनि भारततिरै भागेको प्रहरीको शंका छ। रौतहट प्रहरीले उनको खोजी कार्यमा भारतीय प्रहरीको पनि सहयोग लिइरहेको छ।

रौतहटको माधवनारायण-६ की ३० वर्षीया रुबीकुमारी साहको शव हत्या गरेर सुटकेशमा राखेको अवस्थामा शनिबार फेला परेको थियो। भारतको मुजफ्फरपुर घर भएकी रुविदेवी चार वर्षीय छोरालाई स्कूल आउजाउ गर्ने बानी लगाउने भन्दै केही महिनाअघि माइती आए पनि आमा मिथिलादेवीलाई लिएर गौर-२ महादेवपट्टीमा डेरा गरेर बस्दै आएकी थिइन।

# जीपी अस्पताल निर्माणका लागि भारतसँग सम्झौता हुने



तनहुँ। प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणमा जीपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा ३०० शथ्या क्षमताको अस्पताल भवन निर्माणका लागि सम्झौता हुने भएको छ। तनहुँको शुक्लागण्डकी-५ बेलचौतारास्थित जीपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा मंगलबारदेखि सुरु भएको इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणालीको शुभारम्भ गर्दै स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले भारत सरकारसँग सम्झौताको तयारी भइरहेको बताएका हुन्।

अस्पतालको स्तरोन्नतिका लागि यसअघि नै भारत सरकारले सहमति जनाइसकेकाले प्रधानमन्त्री ओलीको भारत भ्रमणका क्रममा सम्झौता भएर निर्माणको प्रक्रिया शुरु हुने उनले प्रष्ट पारे। 'अस्पतालको डीपीआर अनुसार ६०० करोडको लागत स्वीकृत भएर भारतको स्वास्थ्य मन्त्रालयमा गइसकेको छ। हामीले सम्पूर्ण प्रक्रिया पूरा गरिसकेका छौं,' उनले भने। अस्पताल स्तरोन्नतिको प्रक्रियाका लागि समय लाग्ने भएकाले त्यस अवधिसम्म जनरल हस्पिटल राम्रोसँग चलाउनुपर्ने उनले बताए।

अस्पतालको स्तरोन्नति गरी देशकै ठूलो श्वासप्रश्वास उपचार केन्द्र बनाउने लक्ष्य राखिएको छ। त्यसका लागि अस्पतालको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ।

मन्त्री पौडेलले जीपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई सर्वसाधारणको उपचारका लागि आकर्षणको केन्द्र बनाउन सकिने र यसका लागि तीन तहकै सरकारको यसमा सहयोग आवश्यक रहेको उल्लेख गरे। अस्पतालमा एमडीजीपी डाक्टर पढाउने व्यवस्था गरिने बताउँदै त्यसका लागि कम्तीमा ७०० बिरामी अस्पताल आउने अवस्था हुनुपर्ने उनले बताए। स्वास्थ्य बीमालाई व्यवस्थित बनाइने बताउँदै बजेट अभावका कारण स्वास्थ्य बीमाको भुक्तानी दिन समस्या भइरहेको पनि उनले उल्लेख गरे।

दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रूपमा स्थापना गर्न सरकारले पूर्वप्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइरालाको नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो। सोहीअनुसार बेलचौतारामा ७ सय ४० रोपनी जग्गा उपचार केन्द्रका नाममा आइसकेको छ। ***रासस***

# मौसमले रोक्यो स्पेसएक्सको स्टारशिप उडान



लस एन्जल्स। अमेरिकी निजी अन्तरिक्ष कम्पनी 'स्पेसएक्स' ले आफ्नो स्टारशिप रकेटको दशौं उडान परीक्षण खराब मौसमका कारण स्थगित गरेको छ।

स्पेसएक्सको 'स्टारशिप' एउटा अत्याधुनिक पुनः प्रयोगयोग्य अन्तरिक्षयान हो, जसले मानिस र मालसामानलाई पृथ्वीको कक्ष, चन्द्रमा, मंगलग्रह र अन्य अन्तरिक्ष गन्तव्यहरूमा लैजान सक्षम छ। स्टारशिपले अन्तरिक्ष अनुसन्धान, उपग्रह प्रक्षेपण, अन्तरिक्ष पर्यटन र दीर्घकालीन अन्तरिक्ष अन्वेषणका लागि नयाँ सम्भावनाहरू खोल्दैछ।

स्पेसएक्सले टेक्सासस्थित आफ्नो स्टारबेस सुविधाबाट भएको यो प्रक्षेपण सुरुमा आइतबार गर्ने योजना थियो, तर भूमिगत प्रणालीमा देखिएको समस्या र प्रक्षेपण पुनः तालिका मिलाउनुपर्ने कारणले एक दिन पछि सारिएको थियो।

सोमबारको प्रक्षेपण प्रयासमा प्रक्षेपण ४० सेकेन्डअघि रोकिएको थियो र स्पेसएक्सले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा खराब मौसमका कारण यो उडान रद्द गरिएको जानकारी दिएको छ।

कम्पनीले भनेको छ,'हामी अहिले अर्को उपयुक्त समय खोज्दैछौं र छिट्टै नयाँ प्रक्षेपण मिति तय गर्नेछौं।'

दशौं उडान परीक्षणमा अघिल्ला मिसनहरूजस्तै स्टारशिपको पहिलो पेलोड पठाउने र पुनः प्रवेश गर्ने विभिन्न प्रयोगहरू गरिने अपेक्षा गरिएको छ। यी प्रयोगहरू प्रक्षेपण स्थलमा माथिल्लो चरणको सुरक्षित फिर्ता सुनिश्चित गर्न केन्द्रित छन्।

स्पेसएक्सको स्टारशिप अन्तरिक्षयान र सुपर हेभी रकेटलाई संयुक्त रूपमा स्टारशिप भनिन्छ, जुन पृथ्वीको कक्ष, चन्द्रमा, मार्स र त्यसभन्दा पर रहेका गन्तव्यहरूमा चालक दल र मालसामान बोक्न सक्ने पूर्ण रूपमा पुनः प्रयोगयोग्य यातायात प्रणाली हो। सिन्ह्वा

# 'इम्बोस्ड नम्बरप्लेटलाई हतार नगर'

काठमाडौं। यातायात क्षेत्रमा मजदुर संगठनहरूले पूर्ण तयारी गरेर मात्र इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्न माग गरेका छन्। नेपाल यातायात मजदुर संघ, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन र अखिल नेपाल यातायात मजदुर संघले मंगलबार संयुक्त विज्ञप्ति जारी गरी पूर्ण तयारी गरेर मात्रै सहुलियत शुल्कमा प्रिन्ट गर्न सकिने वातावरण बनाएर अनिवार्य गर्न माग गरेका हुन्।

मजदुर संघ संगठनले यातायात क्षेत्रलाई प्रविधिमैत्री बनाउने र समयसापेक्ष सुधार गर्ने विषयमा आफूहरू सकारात्मक रहे पनि स्वदेशमै नम्बर प्लेट तयार गर्ने तथा डाटा सुरक्षा गर्ने ग्यारेन्टी सरकारले गर्नुपर्ने बताएका छन्।

नेपाल यातायात मजदुर संघका अध्यक्ष धर्मराज भण्डारीले सरकारले एक दशकदेखि सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरे पनि यसको कार्यान्वयन र परिणाम राम्रो नभएको बताए। 'सवारी चालक अनुमतिपत्र (लाइसेन्स) प्रिन्टसमेत गर्न नसकिरहेको र दुई वर्षसम्म पनि नागरिकले लाइसेन्स पाउन नसकिरहेको अवस्था छ। यस्तो बेलामा देशमा रहेको लाखौं सवारीसाधनमा इम्बोस्ड नम्बरप्लेट अनिवार्य गर्ने विषय आफैंमा अविश्वासिलो र शंकास्पद छ,' उनले भने।

इम्बोस्ड नम्बर प्लेटमा रहने अक्षर र अंक देवनागिरी र अंग्रेजी दुवै लिपिमा हुनुपर्ने भन्ने व्यवस्थाविपरीत सरकारले सूचना प्रकाशित गरेको मजदुर संस्थाहरूले बताएका छन्।

## इम्बोस्ड नम्बर...

**अदालतमा कानूनी चुनौती**

२०७९ सालमा सरकारले इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने घोषणा गरेपछि यो विषय कानूनी विवादमा फस्यो। प्रमुख विवाद अंग्रेजी लिपिको प्रयोग थियो। नेपालमा देवनागरी आधिकारिक लिपि भएकाले अंग्रेजीमात्र प्रयोग गर्नु असंवैधानिक भएको दाबी गर्दै सर्वोच्च अदालतमा रिट दायर भयो।

२०७९ साउनमा सर्वोच्च अदालतले देवनागरी लिपिको विकल्प नखुलाई इम्बोस्ड नम्बर प्लेट अनिवार्य नगर्न आदेश दियो। त्यसपछि तत्काल कार्यान्वयन रोकिएको थियो।

कानूनी अड्चन समाधान गर्ने उद्देश्यले विभागले २०८० चैत २ मा पुनः सूचना जारी गऱ्यो। जसअनुसार २०८१ वैशाख १ गतेदेखि इम्बोस्ड नम्बर प्लेट नभएका सवारीसाधनलाई कारवाही गरिने भनिएको थियो। तर यो निर्णयले नागरिकस्तरमा ठूलो असन्तोष पैदा गऱ्यो।

शुल्क बढी, प्रक्रिया ढिलो, सेवा केन्द्र सीमित र ग्रामीण भेगमा पहुँच अभावजस्ता कारणले व्यावहारिकरूपमा कार्यान्वयन सम्भव नभएको भन्दै आलोचना भएको हो।

निरन्तर आलोचना र जनदबाबपछि विभागले अन्ततः लचिलो नीति अख्तियार गरेको छ। भदौ २ र भदौ ११ मा जारी विज्ञप्तिअनुसार इम्बोस्ड नम्बर प्लेट तुरुन्तै अनिवार्य छैन। सवारीधनीले आफ्नो सहजताअनुसार जडान गर्न पाउनेछन्। देवनागरी लिपि किन नहुने भन्दै उठेका प्रश्नमा विभागले राष्ट्रिय परिचयपत्र र अन्य सरकारी परिचयपत्रमा अंग्रेजी नै प्रयोग भइरहेको जिकिर गरेको छ। त्यसैले विभाग देवनागरी लिपि प्रयोगमा उदासीन रहेको देखिएको छ। विभागले हाल कडाइ नगरे पनि नम्बरप्लेटको काममा डिजिटलाइजेशनलाई चरणबद्धरूपमा अघि बढाउने जनाएको छ।

इम्बोस्ड नम्बर प्लेट ल्याउने योजना नौ वर्षअघि सुरु भए पनि अझै पूर्ण कार्यान्वयन हुन सकेको छैन। कानूनी अड्चन, शुल्क, प्रक्रिया र जनसरोकारलाई सम्बोधन गर्न नसक्दा सरकार पटक-पटक पछि हट्न बाध्य भएको हो।

विभागले अझै पनि इम्बोस्ड नम्बर प्लेट सहजतापूर्वक लिन पाउने व्यवस्था गरेको छैन। नयाँ सवारीको दर्ता र पुरानाको वार्षिक नवीकरण गर्दा सजिलोसँग उक्त नम्बरप्लेट दिन व्यवस्था मिलाइएको छैन। छुट्टै फाराम भर्नुपर्ने र बेग्लै शुल्क तिर्नुपर्ने व्यवस्था सेवाग्राहीका लागि अझैसम्म झन्झटिलो नै छ।

## आजको राशिफल

**मेष**
आज नयाँ अवसर आउने सम्भावना छ। पारिवारिक सल्लाहले काममा मद्दत पुऱ्याउनेछ। आर्थिक पक्ष बलियो बन्न सक्छ।

**वृष**
सम्झदारीले विवाद समाधान हुनेछ। आर्थिक लेनदेनमा होशियार रहनुहोस्। स्वास्थ्य सामान्य रहनेछ।

**मिथुन**
सृजनशील कार्यमा सफलता पाइनेछ। प्रेम सम्बन्धमा विश्वास बढ्ने समय छ। नयाँ योजना बनाउन उपयुक्त हुन्छ।

**कर्कट**
व्यावसायिक क्षेत्रमा प्रतिस्पर्धा बढ्नेछ। मनमा अलिक अस्थिरता देखिए पनि कार्यप्रति समर्पण आवश्यक छ।

**सिंह**
सम्मान र प्रतिष्ठा बढ्ने समय छ। सामाजिक क्षेत्रमा सहभागिता बढाउनु पर्नेहुन्छ। आर्थिक रूपमा लाभ मिल्न सक्ने छ।

**कन्या**
नयाँ अनुभव प्राप्त हुनेछ। पढाइ-लेखाइमा प्रगति हुनेछ। कार्यक्षेत्रमा नयाँ अवसर आउन सक्छ।

**तुला**
सम्बन्धमा मधुरता आउनेछ। व्यापार-व्यवसायमा फाइदा हुनेछ। शुभचिन्तकको साथ पाउने समय छ।

**वृश्चिक**
श्रमअनुसार फल प्राप्त हुनेछ। केही असहज परिस्थितिसँग सामना गर्नुपर्ने हुन सक्छ। धैर्यता आवश्यक छ।

**धनु**
शुभ समाचार सुन्न सकिनेछ। दूरदराजको यात्रामा लाभ मिल्ने सम्भावना छ। पारिवारिक सहयोग मिल्ने छ।

**मकर**
सामाजिक क्षेत्रमा प्रतिष्ठा बढ्नेछ। व्यापारमा राम्रो नाफा मिल्ने संकेत छ। स्वास्थ्यमा सुधार आउनेछ।

**कुम्भ**
नयाँ काम सुरु गर्न उपयुक्त दिन छ। साथीभाइसँग भेटघाट हुनेछ। मनमा उमंग र उत्साह बढ्नेछ।

**मीन**
धनागमनको स्रोत बढ्नेछ। परिवारमा खुसी छाउनेछ। कार्यक्षेत्रमा जिम्मेवारी थपिन सक्छ।




काठमाडौंको माइतीघर मण्डलामा भेला भई धर्ना बसेको उखु किसान । उखु किसानलाई सरकारले दिँदै आएको अनुदान रकम कटौती नगर्न र उखुको मूल्य निर्धारण गर्न माग राखी उनीहरू धर्ना बसेका हुन् । *तस्बिरः रासस*

# खाँडो र जिता नदीको बाँधले १५ सय बिघामा सिँचाइ



**प्रवेशकुमार मिश्र**
**सप्तरी, भदौ ११**

खडेरीका कारण धान बाली सुक्न थालेको बेला सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा सिँचाइले ठूलो राहत दिएको छ । गाउँपालिकाको पहलमा दुईवटा नदीमा बाँध बाँधेर करिब १५ सय विघा खेतमा पानी पुऱ्याइएपछि किसानले राहतको अनुभव गर्न पाएका छन् ।

गाउँपालिकाको वडा नम्बर १ र २ भएर बग्ने खाँडो नदीमा अस्थायी बाँध बनाइएको हो । यसबाट दुई वडाका करिब ७ सय विघा खेतमा सिँचाइ पुगेको छ ।

जिता नदीमा बाँध बाँधिएपछि ४ र ५ नम्बर वडाको आठ सय विघाभन्दा बढी खेतमा सिँचाइ भएको स्थानीय कृषक राजेन्द्र साहले बताए ।

'खेत सुकिसकेको थियो, धान फलाउने आशा थिएन् तर नदीको पानी पुगेपछि धानमा ज्यान आयो,' उनले भने, 'बर्षा नहुँदा बोरिङबाट आउने पानीले पनि सिँचाइ हुन सक्ने अवस्था थिएन । बाँधले राहत दिएको छ । सुक्न लागेको खेत हराभरा बनेको छ ।'

पालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश झाले बाँध निर्माणपछि किसानलाई ठूलो राहत पुगेको बताए । गाउँपालिका अध्यक्ष अरुण मण्डलले किसानको गुनासोपछि समाधानको उपाय खोजिएको बताए । 'किसानको समस्या समाधान गर्न उपाय खोज्दै गर्दा छलफलबाट यो उपाय आएपछि काम गरियो, अहिले किसानलाई खडेरीबाट धेरै राहत भएको छ, अन्य वडामा पनि समाधानको उपायको प्रयास भइरहेको छ,' अध्यक्ष मण्डलले भने ।

यसबाट केही समयका लागि राहत मिले पनि किसानहरूले स्थायी सिँचाइको माग गरेका छन् । 'नदीमा अस्थायी बाँधमात्रै समाधान होइन । सरकारले दीर्घकालीन उपाय ल्याउनुपर्छ,' उनीहरूको भनाइ छ ।

# वीरगञ्जका विद्यालय थप तीन दिन बन्द

**पर्सा, भदौ ११**

वीरगञ्ज महानगरपालिकाले नगरमा फैलिएको हैजो संक्रमणलाई मध्यनजर गर्दै विद्यालयमा थप तीन दिन बिदा दिने भएको छ ।

महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले मंगलबारको नगर प्रमुखस्तरीय बैठकको निर्णयानुसार भदौ ११ देखि १३ गते शुक्रबारसम्म विद्यालय बिदा दिने निर्णय भएको बताए ।

महानगरले बिदा अवधिमा शिक्षक तथा कर्मचारीहरूको टोली बनाइ विद्यालय सेवा क्षेत्रभित्र रहेका समुदायमा हैजा नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यहरू सञ्चालन गर्न शिक्षक तथा कर्मचारीलाई परिचालन गर्न गराउन अनुरोध गरेको छ ।

**१० नमूनामध्ये आठमा संक्रमण भेट्टियो**

हैजाको आशंकामा १० बिरामीको नमूना परीक्षण गर्दा आठमा सङ्क्रमण पुष्टि भएको छ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा रञ्जनराज भट्टले १० वटा नमूनामध्ये आठवटा नमूनामा हैजाको सङ्क्रमण पुष्टि भएको जानकारी दिए । 'वीरगञ्जबाट हैजाका लक्षण देखापरेका बिरामीको दिसा संकलन गरेर नमूना परीक्षण गर्न प्रयोगशालामा पठाइएको थियो', उनले भने, 'प्रयोगशालामा रहेको 'भाइटेक' प्रविधिबाट कल्चर गर्दा १० नमूनामध्ये आठमा सङ्क्रमण भेट्टिएको छ ।'

निर्देशक डा भट्टले स्थानीय अस्पतालले यसअघि नै 'आरडिटी' गरेर हैजा भएको पुष्टि गरे पनि थप पुष्टि गर्न नमूना परीक्षण गरिएको जानकारी दिए । 'वीरगञ्जका स्थानीय अस्पतालले आरडिटी गरेर हैजा भएको त थाहा पाइसक्नुभएको थियो । कहिलेकाहीँ त्यसमा केही रिजल्ट फरक आउन सक्ने भएकाले थप पुष्टिका लागि यहाँ कल्चर गरिएको हो,' उनले भने । *रासस*

# सिमलटारी–सौतामारे–मच्छी सडक निर्माणमा विलम्ब



**गुल्मी, भदौ १०**

मदनभण्डारी राजमार्गअन्तर्गत गुल्मीको सिमलटारीबाट प्युठानको मच्छीसम्मको सडक निर्माणमा ढिलाइ भएको छ । निर्माण व्यवसायीले तोकिएको समयमा सडक निर्माण नगर्दा वर्षातमा यात्रुहरूले समस्या भोग्दै आएका छन् ।

सडक निर्माण सुरु भएको करिब तीन वर्षमा सो सडकखण्डमा २६ प्रतिशतमात्र भौतिक प्रगति भएको छ । मदन भण्डारी राजमार्ग योजना कार्यालय गुल्मीका इञ्जिनियर प्रभात तिवारीका अनुसार उक्त सडकमा ३३ महिनामा २६ प्रतिशत भौतिक र २३ प्रतिशत वित्तीय प्रगति भएको छ ।

गुल्मीको सिमलटारीबाट सौतामारे हुँदै प्युठानको मच्छीसम्म ३१ कलोमिटर सडक निर्माण गर्ने जिम्मा श्रेष्ठ(सक्षम जेभीले लिएको थियो । वि.सं २०७९ कात्तिक ५ गते एक अर्ब ४५ करोड ३३ हजार रुपैयाँमा ३१ किलोमिटर सडक निर्माणको सम्झौता गरिएको थियो । लामो समयसम्म सडक निर्माणले गति नलिएको मदाने गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर कुँवरले बताए । नागरिक समाजले पनि पटकपटक गुनासो गरेपछि गुल्मीका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद कोइरालाको नेतृत्वमा स्थानीय तह र योजना कार्यालयको संयुक्त टोलीले उक्त सडकखण्डको हालै स्थलगत अनुगमन गरेको छ । अनुगमनका क्रममा कामको प्रगति र सडकको अवस्थाबारे जानकारी लिइएको छ ।

मदनभण्डारी राजमार्ग योजना कार्यालयले निर्माण व्यवसायीलाई कामको गति बढाउन निरन्तर ताकेता गर्दै आएको जनाएको छ । लगातार काम गरेको खण्डमा २०८३ असार मसान्तसम्म उक्त सडक निर्माण सम्पन्न गर्ने कार्यालयको लक्ष्य छ ।

निर्माण व्यवसायीको तर्फबाट इञ्जिनियर किसन शाहका अनुसार आर्थिक समस्याका कारण काममा ढिलाइ भएको हो । उनले पुस मसान्त र असार मसान्तमा कार्यालयबाट भुक्तानी पाउन ढिला भएका कारण काममा असर परेको बताए । काम गर्न म्याद थपको प्रक्रिया अघि बढेको र थपिएको म्यादभित्रै सम्पन्न गर्ने उनले बताए । *रासस*

# चेपाङ किसानका लागि रोपवे

**गोरखा, भदौ १०**

गण्डकी गाउँपालिका-६ हिक्लुङ र थुम्काका चेपाङ समुदायका किसानको उत्पादनलाई बजारसम्म पुऱ्याउनका लागि गाउँपालिकाले रोपवे निर्माण गर्ने भएको छ । गाउँपालिकाले गण्डकी प्रदेश सरकारसँग साझेदारी गरी विद्युतीय रोपवे निर्माण गर्न लागेको गाउँपालिकाका प्रमुख दीपक तिमिल्सिनाले जानकारी दिए ।

चेपाङ समुदायको मात्र बसोबास भएको हिक्लुङ र थुम्काबाट पृथ्वी राजमार्गको हिक्लुङघाटसम्म रोपवे निर्माण गर्न लागेको उनले जानकारी दिए । 'यहाँका चेपाङ समुदाय २०५० सालदेखि नै व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । उनीहरूले मौसमी, बेमौसमी तरकारी डोकोमा बोकेर राजमार्गसम्म झार्ने गरेका छन्', गाउँपालिका प्रमुख तिमिल्सिनाले भने, 'गाउँमा सडक निर्माण गर्न प्रयास गरेको हो तर, भिरालो जमिन भएकाले यहाँसम्म सडक निर्माण गर्न धेरै कठिन भयो । गाउँ पनि जोखिम हुने भयो । त्यसैले यो नै सबैभन्दा उत्तम विकल्प भन्ने ठानेर रोपवे बनाउन थालेका हौं ।' रोपवेमा तरकारी ढुवानी गर्न पाएमा चेपाङ किसानलाई ठूलो राहत हुने उनले बताए ।

लागत साझेदारी कार्यक्रम अन्तर्गत रु एक करोड लागतमा रोपवे निर्माण गर्न लागिएको हो । गाउँपालिकाको ६० प्रतिशत र प्रदेश सरकारको ४० प्रतिशत लागत साझेदारीमा काम भइरहेको गाउँपालिकाका प्राविधिक शाखाका ओम शाहले भने, 'असोजभित्र निर्माण गरिसक्ने हाम्रो लक्ष्य हो, काम धमाधम भइरहेको छ ।'

अब तार टाँग्ने काममात्र बाँकी रहेको उनले बताए । उनका अनुसार सो रोपवेको लम्बाइ छ सय ३० मिटर रहेको छ । चितवनको जिटी मेसिन प्रालि कम्पनीले रोपवेको निर्माण गरेको प्राविधिक शाखाका शाहले जानकारी दिए ।

विगत ३० वर्षदेखि यहाँका चेपाङ किसान तरकारी खेतीतर्फ उन्मुख छन् । उनीहरूको उत्पादनलाई बजारसम्म पुऱ्याउन यसअघि यहाँ २०६८ सालमा ग्राभिटी रोपवे निर्माण गरिएको थियो । सो प्रविधि बिग्रिएपछि अहिले विद्युत् बाट चल्ने रोपवे निर्माण गर्न लागिएको वडा नं ७ का अध्यक्ष तुलसी रेग्मीले भने । *रासस*

# सडक बनाउँदा खसेको पहिरोले घर भत्कियो

**संखुवासभा, भदौ १०**

खाँदबारी नगरपालिका-४ सेकाहा च्यानडाँडामा सुक्खा पहिरो खस्दा स्थानीय धर्मगुरु दोर्ची लामाको घर पूर्णरूपमा भत्किएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामकुमार लामिछानेका अनुसार आज बिहान खसेको पहिरोले जस्तापाताले छाएको दुई तले ढुंगामाटोको घर पूरै क्षतिग्रस्त भएको हो । घटनामा मानवीय वा पशुचौपायाको क्षति नभए पनि करिब पाँच लाख रुपैयाँ बराबरको सम्पत्ति नोक्सानी भएको प्रारम्भिक अनुमान गरिएको छ ।

पीडित परिवारका अनुसार लामाको घर पहिल्यै जोखिममा थियो । कोशी राजमार्गअन्तर्गत खाँदबारी-किमाथांका सडक खण्ड निर्माणका क्रममा एक्स्काभेटरले ढंगा फुटाउँदा जमिन चिराचिरा परेर घरमा प्रत्यक्ष असर परेको उनीहरूको आरोप छ ।

घटनापछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीको सहयोगमा पहिरो पन्छाइएपछि अहिले सडक आवागमन सामान्य भएको छ । धर्मगुरुका रूपमा पुरोहित कर्मकाण्ड गर्दै आएका लामा स्थानीय बासिन्दाले संयुक्त रूपमा घर बनाई बसोबासको व्यवस्था मिलाएका व्यक्ति हुन् । *रासस*

# अटोरिक्सा दुर्घटनामा एकको मृत्यु, ११ घाइते



**मध्यविन्दु, भदौ १०**

नवलपरासीका देवचुली नगरपालिका-६ मा सामान बोक्ने अटो दुर्घटना हुँदा एक जना व्यक्तिको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन् ।

वडा नं ६ को टोक्रेखोला पुल नजिकै कीर्तिपुरबाट दलदलेतर्फ आउँदै गरेको लु १ स ९०९४ नम्बरको अटो दुर्घटना हुँदा भारत मोतिहारी घर भएका ३५ वर्षीय रिजुवान खातुनको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक यादव ढकालका अनुसार सडकदेखि केही तल खसेको अटोमा चालकसहित १२ जना सवार थिए । घाइते सबैलाई उपचारका लागि चितवन लगिएकामा एक जनाको उपचारका क्रममा मृत्यु भएको हो ।

दुर्घटनाका सबै घाइते भारतीय नागरिक रहेको प्रहरी उपरीक्षक ढकालले जानकारी दिए । घाइते हुनेहरूमा ३५ वर्षीया सवना खातुन, १८ वर्षीया रजिया खातुन, ४२ वर्षीय मोहम्मद रजा, १५ वर्षीया मेहेक इस्तियाक, ४० वर्षीया इस्तियाक आलम, १८ वर्षीया मौजमा इमाम, १२ वर्षीया जोया इस्तियाक, ११ वर्षीय निजामुदिन हुसेन, १४ वर्षीय सावा खातुन, १२ वर्षीय उमर रजा र १६ वर्षीया कुलसुम वान रहेकी छन् । *रासस*

# जागिरमा अवकाशपछि ड्रागन खेतीमा रमाउँदै

गण्डकी - साढे तीनदशक सरकारी जागिरमा समय विताएर सेवा निवृत्त भएका भित्रलाल त्रिपाठी यतिखेर ड्रागन फ्रुटखेतीमा लागेका छन् । सेवानिवृत्त जीवनलाई सक्रिय बनाउने दृढताका साथ उनी व्यवसायिक ड्रागन खेतीमा लागेका हुन् ।

संघीय सडक तथा सुपरिवेक्षण अनुगमन कार्यालयबाट सेवा निवृत्तिभरण भएका त्रिपाठीले पोखरा महानगरपालिका वडा नम्बर २५, हेम्जाको फुर्केटारीस्थित वर्षौदेखि बाँझिएको भिरालो पाखोमा व्यावसायिक ड्रागन खेती गरेका छन् ।

जंगलको छेउमा अमेरिका, इण्डोनेसिया, थाइल्याण्ड, भियतनाम, मलेसिया, थाइल्याण्ड, ताइवान, भारतको तामेलनाडुलगायतका विभिन्न देशबाट ल्याएका ९० भन्दाबढी प्रजाति ड्रागन फलका विरुवाले फल दिन थालेको उनले बताए ।

पारिवारिक घुमफिरका लागि अमेरिकामा जाँदा ड्रागन फलको स्वाद पाएपछि फर्कंदा ल्याएको एउटा विरुवा गमलामा रोपेको बताउँदै उनले भने, 'राम्रो उत्पादन दिएपछि आफ्नो वर्षौंदेखि बाँझिएको जग्गामा व्यवसायिक ड्रागन खेती सुरु गर्ने प्रेरणा स्रोत हो ।'

समुद्री सतहदेखि ११०० मिटरको उचाइ, ३ देखि ३२ डिग्री तापक्रम, तीनदेखि चार हजारसम्म मिलिमिटर औसत वर्षा रहेको सो १० रोपनी जग्गामा लगाएका दुई हजार विरुवाले फल दिन थालेको फुर्केटारी एग्रो (ड्रागन फ्रुट्स) फर्मका प्रोपाइटरसमेत रहेका कृषक त्रिपाठी बताउँछन् ।

उनले भने, '२०८० वैशाख १२ गते विधिवतरूपमा फुर्केटारी एग्रो (ड्रागन फ्रुटस) फर्म दर्ता गरेर सुरु गरेको व्यवसायिक ड्रागन खेतीले पहिलो वर्षबाटै उत्पादन दिन सुरु गरेको हो ।'

यस वर्ष उत्पादन राम्रो भएको र इष्टमित्रलाई दिएर पनि दुई लाखभन्दा बढीको ड्रागन फल बिक्री गरेको उनले बताए । उत्पादित फल फर्मबाटै प्रतिकेजी ५०० का दरले बिक्री हुने गरेको छ ।

खरिदका लागि ग्राहक फर्मै आउँछन् । आफैं टिप्छन् । तौलेर लैजान्छन् । उनले उत्पादित फल पोखराका साथै विभिन्न सहर लगायत अमेरिका र भारतमा समेत पनि पठाएका छन् । फर्म सुरु गर्नुभन्दा पहिलो एक हजार छ सय डलर तिरेर भियतनामको एक ड्रागन फर्ममा एक हप्ते तालिमसमेत लिएको सुनाए ।

'उत्पादित फल बिक्री हुँदैन कि भन्नु पर्दैन । ड्रागनका पारखी बारीमै आउँछन्,' उनले भने, 'बजारको मागअनुसारको फल पुऱ्याउन सकेको छैन ।' दिनमा ६० केजीसम्म उत्पादन हुने गरेको छ । ड्रागनले रोपेको पहिलो वर्षमा फल्ने र लगातार २० वर्षसम्म उत्पादन दिने गर्छ ।

फर्ममा उनले अहिलेसम्म ५० लाख खर्च गरिसकेका छैनन् । कृषि ज्ञान केन्द्र कास्कीबाट आर्थिक वर्ष २०८१/०८२ मा चार लाख ७६ हजार रुपैयाँ बराबरको आर्थिक एवम् प्राविधिक सहयोग पाप्त भएको थियो ।



पक्की पिल्लरमा फलामे ट्रष्ट लगाएर निर्माण गरिएको फर्ममा यतिखेर लटरम्म ड्रागन फलेको छ, हिँउदको समयमा पर्ने असिनाबाट वोट र फल जोगाउँका लागि उनले जाली राख्ने फ्रेम समेत निर्माण गरेका छन् ।

'फर्मभित्र केही महिनाअघि दुईवटा बाँदर पसेका थिए,' उनले भने, 'घुमेर फर्किए । वोटमा काँडा देखे अनि फल खाने आँट गर्न सकेनन् ।' देशै भरी बाँदरको आतंकका कारण बाँझिएको जग्गामा यस्ता खेतीलाई जोड दिनु उपयुक्त हुने उनी सुझाउँछन् । जग्गा बाँझो नराखौं भन्ने अभियानमा जुटेका त्रिपाठीले ड्रागनको फलमात्र नभई विरुवासमेत बिक्री गर्दै आएका छन् । एउटा विरुवा २ सय रुपैयाँदेखि एक हजारसम्ममा बिक्री गर्दै आएको उनले बताए । फुर्केटारी ड्रागन फर्मका विरुवा नेपालको विभिन्न स्थानसहित भारतको दार्जलिङसम्म पुगेका छन् । विरुवा बिक्रीबाट पनि राम्रो आम्दानी हुने गरेको छ ।

एउटा फलको तौल ४०० ग्रामदेखि एक किलो ३२ ग्रामसम्मको भएको बताउँदै उनले सरकारी सेवाबाट अवकाश पाएपछि समय अनावश्यकरूपमा खर्च गर्नुभन्दा कृषि कर्ममा लाग्दा अत्यन्त खुशी लागेको बताए । फर्ममा दैनिक दुइदेखि पाँचजनाले रोजगारीसमेत पाएका छन् । पोखरा-२५ का वडाध्यक्ष मोतिलाल तिमिल्सिनाका अनुसार आलुको गाउँले परिचित हेम्जामा पछिल्लो समय कृषक ड्रागन खेतीतर्फ आकर्षित हुँदै गएका छन् । फुर्केटारी एग्रो फर्मले ड्रागन फल उत्पादनका साथै गुणस्तरलाई जोड दिँदै आएको कारण यो क्षेत्रलाई पछिल्लो समय नयाँ कृषि उपजले परिचित गराउँदै लगेको उनको भनाइ छ ।

पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले फुर्केटारी एग्रो फर्मको मुलुकमा ड्रागन खेती विस्तार हुने क्रम बढे पनि पुर्केटारीमा उत्पादित फल स्वादिष्ट भएको बताए ।

बालबालिका र जेष्ठ नागरिकसमेतले रुचाउने नरम प्रकृतिको ड्रागन फलमा पानी, प्रोटिन, खरानी, चिल्लो पदार्थ, रेसा, क्यारोटिन, क्याल्सियम फोसफोरस, फलाम, भिटामिन वान, भिटामिन बिटु, भिटामिन बिथ्री, भिटामिन सी, थायमिन र नियसिनलगायतका तत्त्व पाइने कृषि विज्ञको धारणा छ । *रासस*

## सम्पादकीय

# असह्य इम्बोस्ड

*यातायात व्यवस्था विभागले आगामी असोजदेखि सवारीको दर्ता, नवीकरण र नामसारी गर्दा अनिवार्यरूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न सार्वजनिक सूचना जारी गरेपछि यसविरुद्ध पनि सरोकारवालाले अभियान नै थालेका छन् । सरकारले नयाँ प्रविधि अपनाउने प्रयास गर्दा सरोकारवालाले किन विरोध गरे भन्ने तर्फ सरकारले भने बेवास्ता गरिराखेको छ ।*

*तीन कुराले यसको विरोध भएको देखिन्छ । एक यसको मूल्य, दोस्रो यसमा उपयोग हुने भाषा, तेस्रो लागु नहुने हो कि भन्ने आशंका । इम्बोस्ड नम्बर जडान गर्दा दुईपांग्रे सवारीसाधनले २५ सय, तीनपांग्रे २९ सय र साना तथा मझौला सवारीसाधनले ३२ सय र ठुला सवारीसाधनले ३६ सय राजस्व तिर्नुपर्ने हुन्छ । जुन शुल्कलाई अस्वभाविक मूल्य भएको विज्ञहरूको टिप्पणी रहेको छ । त्यस्तै, इम्बोस्ड नम्बर प्लेटमा संविधानविपरीत अंग्रेजी भाषा प्रयोग भएको भन्दै जनस्तरबाट यसको संगठित बहिष्कार गर्ने अभियान नै चलिसकेको छ । तेस्रो सवारीचालक अनुमति पत्रसमेत बेलामा तयार गर्न नसकेर थला परेको सरकारले इम्बोस्ड नम्बर प्लेटको पैसा उठाएर प्लेट समयमै दिन सक्ला भन्ने विश्वास गर्ने आधार छैन ।*

*सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालले इम्बोस्ड नम्बर प्लेट जडान कार्य कार्यान्वयन गर्न नसकिने भन्दै जडान नगर्न सार्वजनिक आह्वान नै गरेको छ । यस निर्णयका आलोचकहरूले पूर्वाधार नै नबनाई सर्वसाधारणलाई महंगोमा इम्बोस्ड नम्बर जडान गर्न किन दबाब दिइएको हो भन्ने प्रश्न उठाएका छन् । अर्कोतिर सरकारले अनिवार्य बनाएको नागरिक परिचय पत्रको पनि नम्बर मात्र दिएर प्रमाणपत्रको लागि एक वर्षभन्दा बढी समय लगाउने गरिएको छ । यसलाई सवारीको कर तिर्ने बेला नियमित अद्यावधि अन्तर्गत नै नगरेर अहिले किन दबाबका बीच लागु गराउन खोजिँदैछ भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ सरकारले दिन सक्नु पर्छ । नत्र त सरकारको यो काम कमाउ धन्धालाई प्रश्रय दिने उदाहरणमात्र बन्न पुग्छ ।*

*भाषाप्रेमीहरूले नम्बर प्लेटमा अंग्रेजी भाषाको प्रयोगले धेरैतिरबाट मारमा पर्दै गएको मातृभाषा लोप हुन पुट मिल्ने जिकिर पनि मननयोग्य छ । तिनका मागलाई पनि उचित सम्बोधन गरिनुपर्दछ । अंग्रेजी भाषामा नम्बर प्लेट लेखिनु संविधानविपरीत भएको कानूनवेत्ताहरूको तर्क छ । प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले पनि अंग्रेजी भाषा प्रयोग गरिएकोमा सोमबार विराटनगरमा विरोध र्‍याली निकालेको छ । बर्दियामा पनि सर्वसाधारणले प्रदर्शन गरेको छन् ।*

*विज्ञहरू अन्य देशमा स्थानीय भाषामै इम्बोस्ड नम्बर प्लेट लेखिएकाले नेपालमा नेपाली भाषामै अर्थात् देवनागरिकी लिपिमै नम्बर प्लेट हुनुपर्ने बताउँछन् । भाषाकै विवादका कारण यो विषय सर्वोच्च अदालतमा पुगेको थियो । २०७४ फागुन ९ मा इबोस्ड लागू गर्ने मन्त्रिपरिषद्को निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा पर्‍यो । तर, संवैधानिक इजलासले २०७६ मंसिर २७ मा त्यो रिट नै खारेज गरी अघिल्लो आदेशलाई निष्प्रभावी बनाएपछि अहिलेको बाटो खुलेको हो । सर्वोच्चले बाटो फुकाइदिएर अघि बढेको सरकार आफूले गरेको वाचा नै पुरा नगर्ने तर पैसा भने असुलीहाल्ने ध्याउनमा छ भन्ने पुष्टि हुन गएको छ । किनभने सरकारले २०८० वैशाख १४ को राजपत्रमा 'इम्बोस्ड सवारी नम्बर प्लेटमा रहने अक्षर र अंक नेपाल सरकारले निर्णय गरेबमोजिम देवनागरी लिपि वा अंग्रेजी लिपि वा दुवै लिपिको मिश्रितमा हुनुपर्नेछ' भने पनि अंग्रेजी नम्बर प्लेट जडान गर्न लागेको छ ।*

*अर्कोतिर इम्बोस्ड नम्बर प्लेट जडान गर्दा नेपालीको व्यक्तिगत विवरण विदेशी कम्पनीको नियन्त्रणमा हुँदा राष्ट्रको सुरक्षामा खतरा उत्पन्न हुने तर्कलाई पनि नाजायज मान्न सकिन्न । यसको पनि उचित निकास खोज्नुपर्ने देखिन्छ । यसको विरोधमा उत्रिएका उपभोक्ता, अधिकारकर्मी, कानून व्यवसायी तथा आम नागरिकलाई विश्वसनीय बनाउने काम सरकारको हो, सरकार त्यतापट्टी लाग्नुपर्ने देखिन्छ । अधिकारीकर्मीहरूको जिकिर छ 'जसरी पनि जडान गर्नुपर्छ भन्नु उपभोक्तामाथिको अन्याय हो' । यो काममा सरकारले पर्याप्त गृहकार्य नगरेको देखियो । इम्बोस्ड नम्बर प्लेट खासगरी क्यामेरा, जीपीएस ट्राकरजस्ता अत्याधुनिक उपकरणबाट सम्बन्धित सवारी पहिचानका लागि उपयोग गरिन्छ । तर यो प्लेट रिड गर्ने मेसिन नेपालमा दुईवटा मात्र रहेको बताइएको छ । यस्तो अवस्थामा यो जडान गर्ने हतारो कमिसन र राजस्वको खेल हो वा होइन भन्ने प्रश्नको उचित जवाफ सरकारले दिनुपर्ने छ ।*

*ग्राहकले आवेदन गरेको एक-दुई दिनमै बैंकहरूले एटीएम कार्ड उपलब्ध गराइरहेको छन् । तर सरकारी निकायले स्मार्ट लाइसेन्स दिन तीन-चार वर्ष लगाउँदै आएको छ । आखिर यस्तो किन भइरहेको छ र यसलाई चिर्न के गर्न सकिन्छ भन्ने रणनीति र कार्ययोजना सरकारले ल्याउनु पर्‍यो । सरकारको प्राथमिकता किन त्यतापट्टी गइरहेको छैन ? नेपाली भाषालाई बेवास्ता गरेर अंग्रेजी भाषा राखेको, बढी मूल्य तोकेको, झन्झटिलो प्रक्रिया र छोटो समयावधि राखेका कारणले नै सरकारी कदमको आलोचना भइरहेको हो । ठूलाठूला परिवर्तनलाई आत्मसात् गरेको र नयाँ कुरालाई सदैव अपनाएको नेपाली समाज त्यति प्रतिगामी पनि छैन जति सरकारले देख्न गर्दछ ।*

*नेपाली जनता प्रविधिमा रूपान्तण हुँदै गएको उदाहरण हामीसँग प्रशस्तै छ । शहर बजारमा बिहान तरकारी र पत्रिका किनेपछि नगद नदिएर मोबाइबाटै पैसा भुक्तानी गर्न थालिएको छ । गाउँठाउँमा किसानले आफ्नो कृषि उपजको पैसा मोबाइलमै बुझ्न थालको छ भने महिला समूह र आमा समूहहरूले आफ्ना बचत र भुक्तानीलाई डिजिटलाइज गर्न थालिसकेका छन् । भुक्तानीको यो रूपान्तरण प्रविधिको उपब्धताले स्वभाविक र ग्राह्य हुँदै गएको छ, तर त्यही कुरा इम्बोस्ड नम्बरको हकमा किन लागू हुन सकेन भन्ने प्रश्नको उत्तर खोज्ने र सरोकारवालको चित्त बुझाएर कार्यान्वयन गर्ने काम सरकारको हो ।*

**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ ।**

*-सम्पादक*

# समावेशिताको मेरुदण्ड आर्थिक योजना




**मधुसुदन सुवेदी, प्राध्यापक**

नेपालमा पुरुषहरूले महिलाको तुलनामा धेरै जागिर खाएका वा धेरै पढेका छन् । पुरुषको तुलनामा थोरै महिला राजनीतिमा छन् । यसो हुनुको कारण महिलाले पढ्न नसकेर, राजनीति गर्न नजानेर होइन, बरु उनीहरूले ऐतिहासिकरूपमै अवसर नपाएर हो । यसको ऐतिहासिकता बुझ्न धेरै पुरानो कुरा नगरे पनि जंगबहादुर राणाको पालाको मुलुकी ऐनको समीक्षा गर्नुपर्ने हुन्छ ।

विस १९१० सालको जंगबहादुरको पालाको मुलुकी ऐन हालको संविधानसरह हो । त्यसमा हाम्रा जातजातिलाई चार समूहमा विभाजित गरिएको छ । एउटा तागाधारी भनियो, जसमा ब्राह्मण परे । त्यसलाई उच्च जातको पहिचान दिइयो । अनि आज हामी जसलाई जनजाति भन्छौं । उनीहरू सबैलाई मतवाली भनियो जसलाई रक्सी खाने समूहमा राखियो । तेस्रो समूहमा पानी नचल्ने तर छोइछिटो नपर्ने भनेर तोकियो । र, अन्तिम वर्गमा पानी नचल्ने छोइछिटो हाल्नुपर्ने भनेर तोकियो ।

आज हामीले जुन समूहलाई दलित भन्छौं । त्यो समूह हिजो नेपालको राज्य व्यवस्थाले बनाएको वर्गमा पींधमा पर्‍यो । त्यति मात्रै होइन यो वर्गलाई धेरै कामबाट राज्यले वञ्चित पर्‍यो । त्यो वर्गका मानिसले पढ्नुनपर्ने, अरूको काम गनुपर्ने, अरूको काम गरेरखानुपर्ने व्यवस्था भयो । त्यसो भएपछि उहाँहरूले आाफ्नो सम्पत्ति जोड्ने, कमाउने, धनी हुने भन्ने पाटो नै रहेन । त्यो सम्बन्धमा शोषण पनि व्यापक थियो, दमन पनि उत्तिकै थियो । किनभने माथिल्लो तहका व्यक्तिले वा समाजका शक्तिशाली वर्गका मानिसले तल्लो तहका व्यक्तिलाई सधैंभरि गर्जो टर्ने हिसाबले मात्र बाली ज्यालाका रूपमा दिन्थे । त्यो अवस्थालाई हेरेर कस्तो मिलको समाज रहेछ भनियो । त्यहाँको शोषणको कुरालाई हेरिएन ।

जबसम्म तल्लो तहकाले प्रश्न गर्न सकेनन्, तबसम्म माथिकाले समाज सौहार्द छ भन्ने भाष्य निर्माण गरे । जब तलकालाई गरिएको व्यवहारमाथि प्रश्न गर्न थालियो थब माथिल्लो तहकाले त्यस्तो भन्नेलाई समाज भड्काएको आरोप लगाए । त्यो प्रश्न जुन वर्ग र जुन तप्काले गरे पनि त्यो राजनीतिक चेतना थियो । आज हामीले गर्ने जात व्यवस्था र आर्थिक असमानतामाथिको विमर्श राजनीतिक चेतनाले ल्याएको सकारात्मक परिवर्तनका कारणले सम्भव भएको हो । त्यो एकै दिनमा भएको कुरा होइन, यसको लागि संघर्ष भएका छन् । नत्र त सुरुदेखि नै सबैले आ-आफ्नो तोकिएको काममात्र गर्ने भन्ने बुझाइमात्रै रहन्थ्यो, र आजको विकास देख्न पाइन्नथ्यो ।

जब सामाजिक समुदायलाई तहगतरूपमा बाँडियो, तब जातिगत आधारमा पेशाअघि बढे । तागाधारीले सजिलो पेशा पर्‍यो, बढी आम्दानी पर्‍यो । मतवालीले त्यो भन्दा अलि सहज काम गरे । तल्लो तहमा रहेका वर्ग जसलाई दलित भनियो त्यो समुदायले न पढ्न पायो न जग्गाजमिन राख्न पायो ।

उनीहरूले अर्काको काम गरेर जीविका चलाउनु पर्‍यो । यो ऐतिहासिम पृष्ठभूमी मनन गर्दै आज हामीले राष्ट्रिय तथ्यांक हेर्ने हो भने राष्ट्रिय औसत स्तरमाभन्दा दलित शिक्षामा कमजोर छन् । यो भनेको आज उनीहरूले पढ्न नसकेर होइन बरु ऐतिहासिक रूपमा उनीहरूलाई शिक्षाबाट वञ्चित गरिएकाले हो ।



**अब व्यक्तिको थर हेरेर सहयोग गर्ने भन्दा पनि थरसँगै उसको आर्थिक अवस्था कस्तो छ, उसलाई के सहयोग गर्नुपर्छ भन्ने कुरामा राज्यले नीति बनाउनुपर्छ । अब थरलाई मात्र सन्दर्भ लिन मिल्दैन बरू त्यो थरभित्र पनि टाठाबाठाले मात्रै फाइदा लिइरहेका छन् कि भन्नेमा सचेत हुनुपर्छ । त्यसो हुन सकेन भने हिजोजस्तै एउटा समूहको मात्र वर्चस्व भएको ठाउँमा प्रतिनिधित्वको हिसाबले हिजोभन्दा राम्रो अवस्था त आउला तर जुन व्यक्ति, परिवार वा समुदायलाई राज्यले हेर्नुपर्ने हो, ती चाहिँ छुटिरहन्छन् ।**

पछिल्ला केही वर्षका कुरा गर्दा मुलुकी ऐनमा परिवर्तन आयो, पञ्चायती व्यवस्था आयो, २०४६ सालमा बहुदलीय व्यवस्था पनुर्बहाली भयो । यो क्रममा अधिकांश जनताको पहुँचमा शिक्षा पुग्यो । पछिल्लो तथ्यांकले अधिकांश दलित जनताको शिक्षामा पहुँच ह्वात्तै बढेको देखिन्छ जुन विगतमा थिएन । तर, अहिले पनि दलित र गैरदलितको शिक्षामा पहुँचको प्रतिशत त फरक नै छ । किनभने एउटा समूहले पहिलेदेखि त्यो सुविधा पाएको थियो भने अर्को समूहले पाएको थिएन । दलितले शिक्षामा अधिकार पाएको त २००७ साल पछि मात्र हो ।

हिजो राज्य व्यवस्थाले गरेको जुन उत्पीडन थियो, त्यसैका कारणले समाजमा वर्गीय असमानाता भएको हो र त्यसलाई सम्बोधन गर्न नै समावेशीकरण चाहिएको हो । समावेशीकरणले आर्थिक समानताको अवसर दिन्छ । अर्को, निश्चित व्यक्तिले निश्चित पेशा मात्र गर्न पाउने भनेर तोकिँदा सबै व्यक्तिले सबै खालको पेशा गर्न नपाउँदा आर्थिक उन्नयन हुने गुञ्जायस पनि रहेन । त्यसले पनि आर्थिक सममानता ल्यायो ।

जतिबेला अब ठूलोसानोको भेद हुनेछैन, सबै समान हुन्छन् भनियो र सोही अनुसार राजनीतिक अधिकारको प्रत्याभूत गरियो त्यो बेलासम्म एउटा वर्ग सम्पन्न र सम्भ्रान्त बनिसकेको थियो भने अर्को त गरिब नै थियो । अब विद्यमान परिस्थितिलाई सच्याउन के गर्ने भन्ने प्रश्न अहम् हो । अहिलेको प्रतिस्पर्धात्मक समाजमा जसले प्रतिस्पर्धा गरेर अगाडि जान सक्तैन उसले गरिबीको चपेटाभित्र बाँच्नुपर्ने हुन्छ । त्यसलाई कम्तीमा बाँच्न पाउने अधिकारको सम्मान गर्ने कुरा चाहिँ राज्यको हो ।

सबै दलितलाई एउटै डालोमा हालेर हेर्न मिल्दैन । हिजोभन्दा आज दलितहरूले प्रगति गरेका छन् । हालको प्रतिस्पर्धाको दुनियाँमा जसले प्रतिस्पर्धा गर्न सक्दैन, त्यो दलित मात्र नभएर अपांगता भएको मान्छे पनि हुन सक्छ, एकल महिला पनि हुन सक्छ, त्यो एकल पुरुष पनि हुन सक्छ । त्यो कुनै लामो समय औषधि खानुपर्ने दीर्घरोगी पनि हुन सक्छ । त्यसलाई हेर्ने जिम्मा राज्यको हो ।

राज्यले कुनै न कुनै नीति बनाएर यसलाई सम्बोधन गर्नुपर्छ । यसो गर्दा स्वभाविक रूपले धेरै दलितहरू गरिब छन् भने त्यसबाट लाभ पाउनेमा दलित हुन्छन् । त्यसैले अबको बाटो के हो भने व्यक्तिको थर हेरेर सहयोग गर्ने भन्दा पनि थरसँगै उसको आर्थिक अवस्था कस्तो छ, उसलाई के सहयोग गर्नुपर्छ भन्ने कुरामा राज्यले नीति बनाउनुपर्छ । अब थरलाई मात्र सन्दर्भ लिन मिल्दैन, बरु त्यो थरभित्र पनि टाढाबाढाले मात्रै फाइदा लिइरहेका छन् कि भन्नेमा सचेत हुनुपर्छ । राज्यले साँच्चै सहयोग गर्नुपर्ने समुदाय वा वर्ग छुटेको त छैन भन्ने प्रश्न मूलमा रहनुपर्छ ।

अबको नीति त्यतातर्फ अग्रसर रहनुपर्छ । त्यस्तो नीति बन्न सकेन भने फेरि हिजो जस्तै एउटा समूहको मात्र वर्चश्व भएको ठाउँमा प्रतिनिधित्वको हिसाबले हिजोभन्दा राम्रो अवस्था त आउला तर जुन व्यक्ति, परिवार वा समुदायलाई राज्यले हेर्नुपर्ने हो, ती चाहिँ छुटिरहन्छन् । यसरी कुन समूह वा समुदायवा व्यक्ति वा परिवारलाई सहयोगको खाँचो छ, सरकारी संरक्षणको खाँचो छ भन्ने काममा स्थानीय पालिकाहरूले तथ्यांक राम्ररी व्यवस्थापन गर्नुपर्ने देखिन्छ । यसका लागि पालिकाले घरधुरी सर्वेक्षण गर्न जरुरी छ । आफ्नो पालिकामा बसोबास गर्नेहरूको तथ्यांक निकाल्ने, उनीहरूको आर्थिक अवस्था के छ लगत राख्ने काम पालिकाले गर्नुपर्छ ।

सो लगतमा घरधुरीको जागिर, व्यावसाय, जग्गाको विवरण लिनुपर्छ । जमिन भएको र नभएकोलाई एकै किसिमले हेर्न सकिन्न । काठमाडौंमा नेवार समुदायको परिवारको जग्गाजमिन नभएको हुन सक्छ, तर घर भएको हुन सक्छ । जग्गा नहुनासाथ गरिब भयो भन्ने कुरा पनि हुँदैन ।

पालिकाले लगत राखिसकेपछि त्यसलाई ५ वर्ष, १० वर्षमा पनुर्मूल्याङकन गर्नुपर्छ । किनभने ५, १० वर्षको अन्तरालमा कोही धनी भइरहेको हुन्छ भने कोही गरिब भइरहेको हुन्छ । कुनै परिवार राम्रो आर्थिक अवस्थामा छ तर त्यो परिवारको कमाउने मुख्य मान्छेको मृत्यु भयो भने त्यो परिवार गरिब हुन पुग्छ । तर समय क्रममा कुनै अवसर पाउँदा त्यो परिवारको आर्थिक हैसियत सप्रिन सक्छ । धनी हुनु र गरिब हुनु भनेको परिवर्तनशील कुरा हो । यो परिवर्तनशील कुरालाई हरेक वर्ष पालिकाले यसो गर्नुपर्छ उसो गर्नुपर्छ भन्न त गाह्रो हुन्छ तर त्यसलाई पाँच-पाँच वर्षमा समीक्षा गर्न सकियो भने कसको हैसियत बढेको छ, कसलाई संरक्षणको सहयोग आवश्यक छ भन्ने कुरा थाहा हुन्छ । यसमा पालिकाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

अर्को, हाम्रा राजनीतिक दलहरूले राष्ट्रिय पहिचानको जुन राजनीति गरिरहेका छन्, कहिले नागरिकता बनाउने, कहिले पासपोर्ट बनाउने आदि । यदि त्यस्तै कुनै आधार बनाएर गरिबको पहिचान गरिने र बेलाबेला यद्यावधि गर्ने हो भने राज्यले कसलाई सहयोग गर्नुपर्छ, कोचाहिँ सहयोग पाउने साँच्चैको हकदार होभन्ने निर्क्योल गर्न सजिलो हुन्छ । यो कुरा पत्ता लगाउन पनि हरेक घरको तथ्यांक बनाउनुपर्छ । यदि राज्य आफ्ना नागरिकप्रति जिम्मेवार हो भने त्यो देशको न्यूनतम सुविधा नपाएको जनताप्रति गम्भीर हो भने यस्तो तथ्यांक आवश्यक देखिन्छ । किनभने कर तिर्न सक्नेले तिरको कर, हामी सबैले तिरको कर, कर तिर्न नसक्ने वर्गको उत्थानका लागि उपयोग गर्नुपर्ने राज्यको दायित्व हो । हामीले तिरको कर नेताहरू मोटाउनका लागि त होइन ।

अब अहिले शहरीकरण बढ्दै जाँदा, आधुनिकता हुँदै जाँदा परम्परागत सामाजिक आर्थिक व्यवस्था भत्किएर बजारमुखी हुँदै गयो । यसले जात व्यवस्थामा परिवर्तन त आयो, केही सुधारका संकेत त देखिए तर हुनुपर्ने जति परिवर्तन भएको छैन । हालको परिवर्तन हुनुको कारण जीविकोपार्जनमा आएको परिवर्तन हो । पहिला खेतीमा आधारित समाज थियो, अहिले पेशा व्यावसाय फेरिए, अनेक पेशा व्यवसाय बने । त्यसले जात व्यवस्था कमजोर बन्यो ।

हामी जुन परिवर्तनको बाटोमा छौं त्यो परिवर्तनको बाटो ठिक छ । तर जुन गतिमा यो परिवर्तन हुनुपर्थ्यो, त्यो परिवर्तन भएको छैन । जातीय विभेद गर्नेलाई कानुनमा लेखिए बमोजिम कारबाही हुने सकेको छैन । र, फेरि चुरो कुरा त राजनीतिक नेतृत्वको देखिन्छ किनभने यसको मुख्य दोष राजनीतिक दललाई नै जान्छ । जबसम्म राजनीतिक दलले आफ्ना कार्यकर्तालाई, आफ्ना नेतालाई विभेद गर्नुहुँदैन, गर्‍यौ भने कारबाहीमा पर्छौ भन्दैन तबसम्म जातीय विभेद जारी नै रहन्छ । यो विषयलाई विद्यालयको पाठ्यक्रममा मात्र राखेर विभेद गर्नुहुँदैन भनेर मात्र हुँदैन ।

अब कुनै पनि पेशा कुनै जात विशेषमा सीमित रहेन । अब प्रतिस्पर्धा गरेर राम्रो गुणस्तरीदिनेले मात्र बजार पाउने अवस्था आयो । अब पेशा व्यवसाय गर्ने सबै समुदायले के सोच्नुपर्‍यो भने मैले राम्रो काम दिन सक्नु पर्‍यो र मेरो मूल्य जनतालाई रुचिकर लाग्यो भने मेरो व्यावसाय चल्छ, नत्र चल्दैन । यहाँनेर के विचारणीय छ भने सीमान्त समुदायलाई पेशा व्यवसायमा सहयोग र सहजीकरण गर्दा उनीहरूको आर्थिक उपार्जन हुने अवस्थामा राज्यले र अझ भन्दा स्थानीय पालिकाले उनीहरूलाई राज्यको नीतिअनुसार सक्दो सहयोग गर्नुपर्छ ।

*(वार्तामा आधारित)*

# बोल्दैमा पिठो बिक्तैन




**बलराम पोखरेल**

बोल्नेको पिठो बिक्छ भन्ने जमाना गयो । अहिले अलिक बेग्लै समय आएको छ । बोलेकै भरमा चामल पनि नबिक्ने युग आयो, पिठोको कुरा त परै छाडौं । आज म जन्मिएको जमाना छैन । मान्छेहरू सचेत छन्, बाठा भएका छन् । नबोलीकन बेच्ता पनि चामल चाहिनेले चामल र पिठो चाहिनेले पिठो खोजेरै किन्छन् । अरूले हेप्ने, ठग्ने, ढाँट्ने र आफू चतुरो बाठो हूँ भन्नेले निकालेको उक्ति हो यो । बोल्नेको पिठो पनि बिक्छ भनेको ठगले चाप्लुसी गरेर भए पनि आफ्नो दुनो सोझ्याएरै छाड्छ । आफ्नो सर्दो गरेरै छाड्छ । आफ्नो गर्जो टार्न सोझा मान्छेलाई मात्र असजिलो हुन्छ, बाठाले मेलो मिलाई हाल्छ भन्ने कुरा यो हो ।

बोल्नु भनेको विज्ञापन गरेर उत्पादन बेच्नु र धन कमाउने विषयको कुरा हो । विज्ञापन अखबारका पानामा, पत्रिकामा छापिने गर्थ्यो । सिनेमाको जुग आएपछि सिनेमा हलका पर्दामा विज्ञापनको छाया चल्मलायो । रेडियोमा पनि विज्ञापनको आवाज गुञ्जिएको सुनिन्थ्यो ।

विज्ञापनकै व्यापार गरेर पनि मानिस धेरै धनी भए । मानव समाजमा सोझो मानिसले बाँच्न गाह्रो हुने अवस्था थियो । 'फलानो सोझो छ त्यसले गरिखाला जस्तो छैन' भन्ने कुरा म सानो छँदा सुन्थैं । यो कुरा पछिसम्म पनि हामी भन्ने गर्थ्यौं । मान्छे को बाठो, को सोझो, कसको बोली बिक्छ, कसको बिक्तैन भनेर निर्णय निकाल्न धेरै गाह्रो छ । ठग्ने र ठगिने बीचको द्वन्द्व नै मार्क्सवाद हो । को ठगियो, कसले कसलाई ठग्यो भन्ने विषयको व्याख्या गर्दा सामन्तवाद, पुँजीवादजस्ता शब्द निर्माण भएका हुन् । निष्कर्षमा समाजवाद र साम्यवादको टुंगोमा आजको दुनियाँ चलिरहेको छ ।

**मान्छे को बाठो, को सोझो, कसको बोली बिक्छ, कसको बिक्तैन भनेर निर्णय निकाल्न धेरै गाह्रो छ । ठग्ने र ठगिने बीचको द्वन्द्व नै मार्क्सवाद हो ।**

राजनीतिको शासन व्यवस्था चल्ने चलाउने कुरा गर्दा बुद्धि, विचार, ज्ञान र सोचमा मानिस एकअर्कामा समान कहिले हुन्छ र विचारको द्वन्द्व कहिले मेटिन्छ भन्न कसैले सक्तैन । मार्क्सवादले मानिसलाई आर्थिकरूपले समान पार्ने कुरा गरेको छ । तर मानिसको सोच, विचार, बुद्धि र व्यवहारले मानिस समान सम्पन्नतामा बस्न सक्छ जस्तो लाग्दैन ।

बुद्धि पुर्‍याएर बोल्नुपर्छ । मानिसको बुद्धि नै एकअर्कामा थोरै, धेरै भएको पाइन्छ । बराबर बुद्धि भए पो आर्जन पनि बराबर हुन्छ । बुद्धि नै बराबर नभएपछि आयआर्जन कसरी बराबर हुन्छ र ! श्रमले मात्र धन कमिने होइन । धन कमाउने कुरामा बुद्धि नै धेरै चाहिन्छ । मान्छेको व्यवहार सबैको एकैनासको हुँदैन । व्यवहारलाई बुद्धिले परिचालन गरेको हुन्छ । धनले बुद्धिलाई बिगार्छ, धनले बुद्धि सप्रिदैन । मन, वचन र कर्मलाई नियन्त्रण बुद्धिले नै गर्छ । त्यसकारण बोल्दैमा पिठो बिक्दैन भन्ने सोच बनेको हो ।

## जेन कथा

# नदीपारि

महान चिनियाँ गुरु लाओ-त्सुले एक पटक माछा पक्रन सिक्नु पर्‍यो भनेर सोचे । उनले माछा पक्रने एउटा छडी बनाए, त्यसमा डोरी र माछालाई लोभ्याउने गँड्यौला झुण्ड्याउने अंकुसे पनि राखे । यति भएपछि उनी नदीमा माछा पक्रन बल्छी थापे । केही समयपछि एउटा ठूलो माछा अंकुसेमा अड्कयो । लाओ-त्सु यति उत्साहमाथिए कि उनले छडीलाई पूरै शक्ति लगाएर ताने । माछाले पनि भाग्नका लागि आफ्नौ तागत लगायो । यी दुवैको तानातानमा बल्छीको छडी भाँचियो र माछो भाग्न सफल भयो ।

लाओ-त्सुले अर्को छडी बनाए र पुनः माछा पक्डनका लागि नदी किनार गए । केही समयपछि त्यस्तै अर्को ठूलो माछा बल्छीमा पर्‍यो । लाओ-त्सुले यस पटक विस्तारै छडी ताने । यति विस्तारै ताने कि माछोले उनको बललाई जित्यो, छडी भाँच्यो र भाग्न सफल भयो ।लाओ-त्सुले पुनः तेस्रो पटक पनि छडी बनाए । त्यसैगरी खोला किनारमा पुगे । केही समयपछि माछाले चारो खान थाल्यो र बल्छीमा अल्झियो । यस पटक माछाले जति बल लगाउँछ, लाओ-त्सुले पनि उति नै बल लगाउँथे । माछा र लाओको बराबरीको द्वन्द्व भयो । तानातान गर्दा माछो गल्यो । लाओले जसै माछा गलेको थाहा पाए, उनले सहजै माछालाई बल्छीबाट बाहिर निकाले ।

त्यो दिन साँझ लाओ-त्सुले आफ्ना शिष्यहरूलाई भने, 'आज मैले संसारसँग कसरी व्यवहार गर्ने भन्ने सिद्धान्त पत्तो लगाएँ । बराबर बलको प्रयोगको सिद्धान्तले जीवनमा कहिल्यै धोका खाने छैनौ । जसै संसारले तिमीलाई आफूतिर तान्छ, तिमीले त्यो बेला ठीक उत्तिकै बल प्रयोग गरेर आफूतिर तान । यदि तिमीले आफ्नो प्रचण्ड बल प्रयोग गर्‍यौ भने तिमी नष्ट हुनेछौ, अनि तिमीले क्षीण बल प्रयोग गर्‍यौ भने संसारले तिमीलाई नष्ट गर्नेछ ।'

***अच्युत कोइराला***

# छ लाख चिनियाँ विद्यार्थीलाई अमेरिकाको ढोका खुला



**एजेन्सी, भदौ १०**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ६ लाख चिनियाँ विद्यार्थीलाई अमेरिकी विश्वविद्यालयहरूमा अध्ययन गर्न अनुमति दिने घोषणा गरेका छन्। यो कदम उनका आफ्नै प्रशासनले लिएको नीति र 'अमेरिका फर्स्ट' एजेन्डाको विपरीत छ।

राष्ट्रपति ट्रम्पले वासिङ्टन र बेइजिङबीचको सम्बन्धलाई 'अत्यन्त महत्वपूर्ण' भन्दै दुई देशबीचको आपसी समझदारीलाई प्राथमिकता दिने बताए। उनले भने, 'हामी ६ लाख चिनियाँ विद्यार्थीहरूलाई आउन दिनेछौं। हामी चीनसँग राम्रो सम्बन्ध बनाउन चाहन्छौं।'

यो घोषणासँगै ट्रम्पले चीनलाई चेतावनी पनि दिएका छन्। चेतावनीस्वरुप उनले यदि चीनको दुर्लभ खनिजमा अमेरिकाले पहुँच नपाउने हो भने चीनले दुई सय प्रतिशतसम्मको भन्सार महसुलको सामना गर्नुपर्ने बताएका छन्। चीन-अमेरिका व्यापारमा आएको गतिरोधले चिनियाँ विद्यार्थीको अमेरिकामा अध्ययनमा कुनै असर नपर्ने उनले जनाए।

चीनले अमेरिकालाई दुर्लभ खनिज चुम्बक बिनारोकतोक उपलब्ध नगराए चीनमाथि दुई सय प्रतिशत आयात कर वा अन्य कुनै प्रतिबन्धका उपायहरू लागू गर्ने धम्की ट्रम्पले दिएका छन्।

दुई देशबीचको व्यापार विवादका बीच चीन दुर्लभ चुम्बक र तिनको आपूर्तिमा नियन्त्रणको विषयमा संवेदनशील बन्दै गएको छ। अमेरिकाले कर वृद्धिको जवाफमा अप्रिलमा चीनले धेरै दुर्लभ खनिज वस्तुहरू र चुम्बकहरूलाई आफ्नो निर्यात प्रतिबन्ध सूचीमा समावेश गरेको थियो।

गत वर्षको निर्मम भन्सार नीतिले अमेरिका-चीन सम्बन्ध चिसोपको थियो। अप्रिलमा अमेरिकी प्रशासनले चिनियाँ सामानहरूको भन्सार दरलाई एक सय ४५ प्रतिशतसम्म बढाइदिएको थियो। पछि दुवै देशबीच व्यापारिक युद्ध मत्थर पार्ने समझदारी गरेका थिए। अगस्ट १२ मा अमेरिकाले ९० दिनका लागि व्यापार सम्झौता थप लम्ब्याउने निर्णय गरेको छ।

ट्रम्पको यो घोषणाले उनको आफ्नै 'मेक अमेरिका ग्रेट अगेन' अभियानका समर्थकहरूबीच असन्तुष्टि र आलोचना निम्त्याएको छ। राष्ट्रवादी धारका समर्थकहरूले चिनियाँ विद्यार्थीहरूलाई 'चिनियाँ कम्युनिष्ट पार्टीका एजेन्ट' भन्दै अमेरिका प्रवेश दिन नहुने तर्क गरेका छन्।

राजनीतिक कार्यकर्ता लारा लुमरले सामाजिक सञ्जालमा ट्रम्पको निर्णयको कडा आलोचना गर्दै लेखिन्, 'मैले चीन वा मुस्लिम देशहरूबाट आप्रवासी ल्याउने अभियानका लागि भोट दिएकी थिइन्। यस्ता मुलुकहरूबाट आउनेले अमेरिका महान् बनाउँदैनन्। ट्रम्पको यो निर्णय 'अमेरिका फर्स्ट' माथिको घात हो।'

यस्तै रिपब्लिकन सांसद मर्जोरी टेलर ग्रीनले पनि चिनियाँ विद्यार्थीहरूलाई अमेरिकी विश्वविद्यालयहरूमा भर्ना गरिनु 'अमेरिकी विद्यार्थीहरूका अवसरहरू खोसिएको' भन्दै विरोध जनाएकी छिन्।

विरोधका बीच वाणिज्य सचिव हार्वड लुटनिकले राष्ट्रपति ट्रम्पको निर्णयको बचाउ गरेका छन्। उनले भने, 'यी चिनियाँ विद्यार्थीहरूलाई आउन नदिए अमेरिकाका १५ प्रतिशत विश्वविद्यालय बन्द हुनेछन्। राष्ट्रपति ट्रम्पले व्यावहारिक र आर्थिक हितअनुसार निर्णय लिएका हुन्।'

## गाजामा आक्रमण जारी

# युद्धविराम माग गर्दै इजरायलमा प्रदर्शन



**एजेन्सी, भदौ १०**

इजरायलमा युद्धविरामको माग गर्दै विरोध प्रदर्शनहरू भइरहेका छन्। मंगलबार राजधानी तेलअभिभ र विभिन्न शहरका मुख्य सडकमा हजारौं प्रदर्शनकारीहरू उत्रिएका छन्। हमासको नियन्त्रणमा रहेका बन्धकहरूको तत्काल रिहाइ र गाजामा भइरहेको सैनिक आक्रमण तुरुन्त बन्द गर्नुपर्ने उनीहरूले माग गरेका छन्।

'होस्टेजेस एन्ड मिसिङ फ्यामिली फोरम' समूहको आह्वानमा भएको प्रदर्शनमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूलाई वार्तामा बस्न आग्रह गरिएको छ। प्रदर्शनीकारीहरूले गाजामा हमासको नियन्त्रणमा अझै ५० जना बन्धक रहेको र जसमध्ये करिब २० जना मात्र जीवित रहेको अनुमान छ।

इजरायली प्रधानमन्त्री नेतन्याहूले भने गाजामा हमासविरुद्धको सैन्य कारबाही रोक्न नसकिने अडान दोहोऱ्याएका छन्। उनले युद्धविरामकै क्रममा पनि गाजामा सैन्य कारबाही तीव्र बनाउने योजना सार्वजनिक गरेका छन्। अहिलेसम्म इजरायलले वार्ता अघि बढाउन वार्ता दल पठाएको छैन।

युद्धविरामको माग गरिरहेका परिवारहरूले भने नेतन्याहूको कदमको कडा आलोचना गरेका छन्। बन्धक इटाय चेनका बुवा रुबी चेनले भने, 'हामी सबै बन्धकहरूलाई फर्काउन सक्छौं। सरकार वार्ताको टेबलमा फर्कनुपर्छ।'

आफ्नो छोरा हमासद्वारा अपहरणमा परेका ऐनाभ जानगौकर भन्छिन्, 'हामीले युद्ध एक वर्षअघि नै सकाउन सक्थ्यौं। तर प्रधानमन्त्रीले आफ्ना नागरिकहरूलाई बारम्बार बलिदान गरिरहेका छन्।'

मंगलबारको विरोध प्रदर्शनको पृष्ठभूमिमा गाजाको नासेर अस्पतालमा सोमबार भएको इजरायली आक्रमणले अझै तनाव बढाएको छ। सो आक्रमणमा पाँच पत्रकार र १५ अन्य नागरिक मारिएका छन्। उक्त घटनाको विश्वभर निन्दा भइरहेको छ। संयुक्त राष्ट्रसंघ, पत्रकार संगठनहरू र मानव अधिकारवादीहरूले यसलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघन भनेका छन्। प्रधानमन्त्री नेतन्याहूले यस घटनालाई 'दुर्भाग्यपूर्ण दुर्घटना' भन्दै गहिरो खेद व्यक्त गरेका छन् र घटनाको छानबिन गर्ने वचन दिएका छन्।

# भारतीय निर्वाचन आयोगमाथि विपक्षीको गम्भीर आरोप

**एजेन्सी, भदौ १०**

भारतीय निर्वाचन आयोगमाथि पछिल्लो समय गम्भीर आरोप लागेको छ। विश्वकै सबैभन्दा ठूलो लोकतन्त्रका रूपमा परिचित भारतमा निर्वाचन आयोग लामो समयदेखि निष्पक्ष र स्वतन्त्र संस्था मानिँदै आएको थियो। तर हालै सम्पन्न सन् २०२४ को आम निर्वाचनपछि यसको विश्वसनीयता र पारदर्शितामाथि गम्भीर प्रश्न उठ्न थालेका छन्।

प्रमुख विपक्षी दल कांग्रेसका नेता राहुल गान्धीले निर्वाचनमा ठूलो धाँधली भएको आरोप लगाउँदै आयोगको आलोचना गरका छन्। उनका अनुसार मतदाता सूचीमा व्यापक हेरफेर गरिएको छ। जसका कारण दर्जनौं निर्वाचन क्षेत्रमा कांग्रेसजस्ता विपक्षी दलहरू पराजित भए।

गान्धीले एउटै व्यक्तिको नामबाट धेरैपटक मतदान गरिएको आरोप लगाएका छन्। यस्तै, नक्कली ठेगाना प्रयोग गरेर मतदाता थपिएको र वास्तविक मतदाताहरूको नाम सूचीबाट हटाइएको बताए। केही निर्वाचन क्षेत्रमा नक्कली मतदाताका कारण चुनाव परिणाम नै प्रभावित भएको उनको दाबी छ।

गान्धीले अगस्ट ७ मा आयोजित पत्रकार सम्मेलनमा एक निर्वाचन क्षेत्रको उदाहरण दिँदै भने, 'हामी सानो मतान्तरले हारेका थियौं, तर त्यहाँ १ लाखभन्दा बढी नक्कली मत खसेका छन्।' उनले आफ्ना समर्थकहरूले हप्तौंसम्म दर्ता सूची हातैले जाँचेको र त्यहाँ धेरै त्रुटिहरू भेट्टाएको बताएका थिए।

गान्धीले निर्वाचन आयोगसँग डिजिटल मतदाता सूची सार्वजनिक गर्न माग गरेका छन्। उनका अनुसार यदि आयोगले मतदाता विवरण पारदर्शी रूपमा सार्वजनिक गऱ्यो भने राजनीतिक दल र आम नागरिकले स्वतन्त्र लेखापरीक्षण गर्न सक्छन्। त्यसबाट सबै कुरा प्रष्ट हुनेछ र आम नागरिकले सत्य थाहा पाउने उनको जिकिर छ।

**आयोगको प्रतिवाद**

निर्वाचन आयोगले भने सबै आरोपहरू अस्वीकार गरेको छ। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले आयोग कहिल्यै आफ्नो संवैधानिक कर्तव्यबाट पछि नहटेको बताएका छन्। उनले भने, 'हामी निष्पक्षता र पारदर्शितामा दृढतापूर्वक विश्वास गर्छौं। आयोगलाई राजनीतिक औजार बनाउने प्रयास भइरहेको छ, जुन सरासर गलत अभ्यास हो।'

कुमारले प्रमाणबिनाका आरोपहरू राष्ट्रविरुद्धको कदम भएको भन्दै यस्तो दाबी गर्नेहरूले प्रमाण पेस गर्न वा सार्वजनिक रूपमा माफी माग्नुपर्ने चेतावनीसमेत दिएका छन्।

यी आरोपहरू विशेषगरी बिहारमा सुरु भएको 'मतदाता अधिकार' अभियानसँगै चर्किएका हो। एक महिनासम्म चल्ने भनिएको यो अभियानको राहुल गान्धीले अगस्ट १७ मा शुरुवात गरेका हुन्। अक्टोबर वा नोभेम्बरमा बिहारमा विधानसभा चुनाव हुने भएकाले पनि विवाद चुलिएको देखिन्छ। विपक्षीहरूका अनुसार आयोगले पञ्जीकरण सुधारको नाममा कागजात माग गरेर जनताको सामूहिक मताधिकार खोसिएको जनाएको छ। कतिपय स्थानमा नागरिकलाई बिना सूचना सूचीबाट हटाइएको दाबी गरिएको छ।

**अदालतको निर्णय र आयोगको सफाइ**

भारतको सर्वोच्च अदालतले गत हप्ता अधिकांश नागरिकसँग हुने बायोमेट्रिक आइडीलाई वैध मानेको छ। यसले आयोगलाई केही राहत दिएको देखिए पनि कार्यकर्ताहरूले जीवित नागरिकलाई मृत देखाइएको, परिवारका सबै सदस्य नाम काटिएको जस्ता गम्भीर गुनासोहरू गरेका छन्। गान्धीले यस्ता कामलाई 'अन्तिम षड्यन्त्र' का रूपमा चित्रित गरेका छन्।

बिहारमा आयोगले मेसिनले पढ्न सकिने डिजिटल रेकर्डलाई स्क्यान गरिएको डिजिटल कपीले प्रतिस्थापन गरेको छ। यसो गर्दा विवाद झनै चर्किएको छ। आलोचकहरूका अनुसार स्क्यान प्रणालीले त्रुटि पहिचान गर्न कठिन बनाउँछ। यसले प्रमाणीकरण परीक्षण ढिलो र अपूरो हुने खतरा बढाएको छ।

**मतदाता प्रमाणीकरणको समयसीमा**

निर्वाचन आयोगले सेप्टेम्बर २५ भित्र बिहारमा मतदाता प्रमाणीकरण सक्ने र पाँच दिनपछि अन्तिम सूची प्रकाशन गर्ने योजना बनाएको छ। आयोगका अनुसार यो सुधारको प्रक्रिया विदेशी अवैध आप्रवासीलाई मतदाता सूचीमा प्रवेश गर्न नदिन गरिएको हो।

मोदी नेतृत्वको भाजपा पार्टीले लामो समयदेखि छिमेकी बंगलादेशबाट कागजातविहीन मुस्लिम आप्रवासी भारतको मतदाता सूचीमा छिरेको आरोप लगाउँदै आएको छ। आयोगले यही आधारमा यो कडाइ गरेको जिकिर गरेको छ।

भारतीय निर्वाचन आयोग र विपक्षी दलबीचको यो विवाद चुनावी पारदर्शिता र लोकतान्त्रिक प्रक्रियाको केन्द्रमा छ। मतदाता सूची, प्राविधिक सुधार र राजनीतिक विश्वासबीचको यो संघर्षले आगामी दिनमा भारतको लोकतन्त्रको गुणस्तरमाथि गहिरो प्रभाव पार्न सक्ने विश्लेषकहरू बताउँछन्।

# विक्रमासिंघे जमानतमा रिहा

**एजेन्सी, भदौ १०**

श्रीलंकाका पूर्वराष्ट्रपति रानिल विक्रमासिंघेलाई भ्रष्टाचारसम्बन्धी मुद्दामा अदालतले जमानत दिएको छ। उनलाई गत शुक्रबार प्रहरीले पक्राउ गरेको थियो।

पक्राउपछि उनलाई कोलम्बो फोर्ट मजिस्ट्रेट अदालतमा पेस गरिएको थियो। अदालतले अगस्ट २६ सम्म हिरासतमा राख्न आदेश दिएको थियो। त्यसपछि उनलाई कोलम्बोको म्यागजिन रिमान्ड जेलमा राखिएको थियो।

जेलमा रहँदा विक्रमासिंघेको स्वास्थ्य अवस्था बिग्रिएको थियो। सुरुमा उनलाई जेल अस्पतालमा भर्ना गरिएको थियो। तर अवस्था गम्भीर भएपछि कोलम्बो राष्ट्रिय अस्पतालको सघन उपचार कक्ष (आईसीयू) मा सारिएको थियो।

जमानतको दिन अदालत परिसरमा कडा सुरक्षा व्यवस्था गरिएको थियो। धेरै विपक्षी नेताहरूले विक्रमासिंघेको पक्राउलाई सत्ता पक्षद्वारा गरिएको दुरुपयोग बताएका छन्। विक्रमासिंघे र उनका समर्थकले यसलाई राजनीतिक प्रतिशोधका रूपमा व्याख्या गरेका छन्।

# १०२ वर्षेको माउन्ट फुजी आरोहण

**एजेन्सी, भदौ १०**

जापानका १०२ वर्षीय कोकिची अकुजावाले देशको सबैभन्दा अग्लो फुजी हिमाल चढेर विश्व कीर्तिमान बनाएका छन्। मुटुसम्बन्धी गम्भीर रोगका बिरामी उनले यो उपलब्धिलाई सामान्य कुरा भन्दै हल्कारूपमा लिएका छन्।

सन् १९२३ मा जन्मिएका उनले अगस्टको सुरुमै तीन हजार सात सय ७६ मिटर अग्लो फुजी हिमाल चढेका थिए। उनको यो उपलब्धिलाई गिनिज वर्ल्ड रेकर्ड्सले आधिकारिकरूपमा प्रमाणित गरेको छ।

'म यसअघि ९६ वर्षको उमेरमा पनि फुजी चढेको थिएँ,' उनले भने। 'यो पटकको दृश्य मलाई खास नयाँ लागेन। दृश्यहरू उस्तै थियो। अघिल्लो पटक पनि म शिखरमा पुगेको थिएँ।'

उनी फुजी हिमाल चढ्नुअघि हरेक हप्ता कुनै न कुनै पहाड चढ्ने गर्थे। यसलाई नै उनले आफ्नो तयारीको अभ्यास बनाएका थिए।

अकुजावा मध्य जापानको गुन्मा क्षेत्रका अवकाशप्राप्त पशुपालन किसान हुन्। उनी अहिले वृद्धाश्रममा स्वयंसेवकको रूपमा काम गर्छन्। यसबाहेक उनी चित्रकला सिकाउने काम



पनि गर्छन्।

जनवरीमा उनी आफ्नो घरनजिकैको पहाड चढ्ने क्रममा लडेका थिए। त्यसपछि उनलाई छालासम्बन्धी शिंगल्स रोगले दुःख दियो। त्यसको केही समयमै उनी मुटुको समस्याका कारण अस्पताल भर्ना हुन पुगे।

तर छोटो समयमै उनको स्वास्थ्यमा सुधार आयो। यो सुधार देखेर उनका चिकित्सकहरू नै अचम्मित भएका थिए। ७५ वर्षकी उनकी छोरी युकिकोका अनुसार अकुजावा फुजी हिमाल चढ्न दृढ थिए।

फुजी हिमाल जापानको सबैभन्दा अग्लो हिमाल हो जसको उचाइ ३,७७६ मिटर छ। यो एक प्रसिद्ध ज्वालामुखी हो र टोकियोको दक्षिणपश्चिम भागमा अवस्थित छ। फुजी हिमाललाई जापानमा शताब्दीयौं देखि कलाकार र कविहरूलाई प्रेरणा दिने तीर्थयात्राको स्थल मानिन्छ। यसलाई सन् २०१३ मा युनेस्कोले विश्व सम्पदा सूचीमा राखेको थियो। मौसम सफा हुँदा टोकियोबाट पनि देख्न सकिन्छ। यसको वरिपरि पाँचवटा तालहरू छन्। हिमालको शिखरमा धेरै महिनासम्म हिउँ रहन्छ। यसलाई जापानका पवित्र हिमालहरूमा गनिन्छ।

स्वास्थ्य सुधार ल्याउनका लागि उनी हरेक बिहान चाँडै उठ्थे। उनी एक घण्टासम्म हिँड्थे र प्रायः हरेक हप्ता कुनै न कुनै पहाड चढकै हुन्थे। फुजी हिमाल चढ्न उनले तीन दिन लगाए। दुई रात हिमाली छाप्रामा बिताए। उचाइका कारण उनको यात्रा रोकिने सम्भावना थियो। तर उनले हार मानेनन्। नर्स नातिनीसहित अन्य साथीसँगै आखिर उनी शिखरको चुचुरोमा पुगिछाडे। आफ्नो दृढ चाहनालाई हासिल गरेपछि उनलाई अब फेरि फुजी हिमाल चढ्ने इच्छा छ कि छैन भनेर सोधियो। उनले मुस्कुराउँदै भने, 'छैन।'

# 'विश्वका एक चौथाइ मानिस स्वच्छ पिउने पानीबाट वञ्चित'

**एजेन्सी, भदौ १०**

संयुक्त राष्ट्रसंघले पछिल्लो प्रतिवेदनमा विश्वका करिब एक चौथाइ जनसंख्या अझै पनि सुरक्षित र व्यवस्थित पिउने पानीको पहुँचबाट वञ्चित रहेको तथ्य सार्वजनिक गरेको छ। संघले आजको प्राविधिक र वैज्ञानिक युगमा पनि दुई अर्बभन्दा बढी मानिसहरू स्वच्छ पानीको पहुँच बाहिर हुनुलाई गम्भीर समस्याका रूपमा बताएको छ।

राष्ट्रसंघअन्तर्गतको विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) र बाल एजेन्सी युनिसेफले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनले सन् २०३० सम्म सबैलाई सुरक्षित पिउने पानी र सरसफाइ सुविधा पुऱ्याउने विश्व लक्ष्य अझै पर धकेलिएको चेतावनीसमेत दिएको छ।

डब्लुएचओका वातावरण विभाग प्रमुख रुडिगर क्रेचले भनेका छन्, 'पानी, सरसफाइ र स्वच्छता कुनै विलासिता होइन, मानव अधिकार हो।' उनले सबैभन्दा पछाडि पारिएका समुदायहरूलाई केन्द्रमा राखेर काम तीव्र बनाउन आग्रह गरे।

**१० करोड मानिस अझै दूषित पानीमा निर्भर**

विगतका वर्षसम्म विश्वका करीब २५ प्रतिशत मानिससँग सुरक्षित र व्यवस्थित पिउने पानीको पहुँच थिएन। अझै पनि करीब १० करोड मानिस खोलानाला वा तालतलैया जस्ता स्रोतहरूमै निर्भर छन्। यो पानी विभिन्न रोगको प्रमुख स्रोत हो।

डब्लुएचओ र युनिसेफले पिउने पानीलाई पाँच तहमा वर्गीकृत गरेका छ। 'सुरक्षितरूपमा व्यवस्थित' पानी त्यो हो जुन घरमै उपलब्ध हुन्छ। सधैं प्रयोग गर्न पाइन्छ र मल तथा रसायनजस्ता प्रदूषणबाट मुक्त हुन्छ।

**पानी पहुँचमा बढ्दो असमानता**

सन् २०१५ देखि २०२४ सम्मको अवधिमा करिब ९६ करोड मानिस सुरक्षित पिउने पानीको पहुँचमा छन्। यसबीचमा विश्वव्यापी पहुँच ६८ प्रतिशतबाट बढेर ७४ प्रतिशतमा पुगेको छ।

अझै पनि विशेषतः ग्रामीण र सीमान्तकृत समुदायका दुई अर्बभन्दा बढी मानिसहरू सुरक्षितरूपमा व्यवस्थित



पानीबाट वञ्चित छन्। तीमध्ये १० करोडभन्दा बढी मानिस सतहको दूषित पानी प्रयोग गरिरहेका छन्।

हाल ३१ देशमा सबै नागरिकलाई पूर्णरूपमा सुरक्षित पानीको सुविधा पुगेको छ। ८९ देशमा कम्तीमा आधारभूत सेवा उपलब्ध छ।

अझै २८ देशमा चारमध्ये एक जनाभन्दा बढी व्यक्ति यस्ता सेवाबाट वञ्चित छन्। यसको केन्द्र अफ्रिकाका साना, गरिब तथा द्वन्द्वग्रस्त मुलुकहरू हुन्।

**सरसफाइ र स्वच्छतामा पनि चुनौती कायम**

पिउने पानीसँगै सरसफाइ र स्वच्छता क्षेत्रमा प्रगति भए पनि लक्ष्य अझै टाढा छ। सन् २०१५ देखि हालसम्म १ अर्ब २० करोड मानिसले सुरक्षित सरसफाइ सेवा पाएका छन्। हाल विश्वको ५८ प्रतिशत जनसंख्या मात्र यस्तो सेवाको पहुँचमा छ।

सुरक्षित सरसफाइ भन्नाले साझा नभएको शौचालय र मलको सुरक्षित व्यवस्थापनलाई जनाइन्छ। खुला शौच गर्ने जनसंख्या पनि ४२ करोडभन्दा बढीले घटेर ३५ करोड ४० लाखमा झरेको छ। यो संख्या अझै पनि विश्व जनसंख्याको चार प्रतिशत हो।

यसबीच एक अर्ब ६० करोड मानिसले घरमै साबुन र पानीसहित हात धुने सुविधा प्राप्त गरेका छन्। यस्तो सुविधा पाउनेको दर ६६ प्रतिशतबाट बढेर अहिले ८० प्रतिशत पुगेको छ।


**बालबालिका र महिलामाथि प्रत्यक्ष असर**

युनिसेफकी सिसिलिया शार्पले चेतावनी दिँदै भनिन्, 'जब बालबालिकाले सुरक्षित पानी र स्वच्छताको पहुँच पाउँदैनन्, उनीहरूको स्वास्थ्य, शिक्षा र भविष्य सबै जोखिममा पर्छ।'

उनले विशेषगरी बालिका र महिलाहरू बढी प्रभावित हुने बताउँदै भनिन्, 'केटीहरूले प्रायः घरमा पानी ल्याउने जिम्मेवारी सम्हाल्छन्। महिनावारीको समयमा उनीहरूलाई अझ बढी कठिनाइ हुन्छ।'

हामी अहिलेको गतिमा अघि बढ्यौं भने सन् २०३० सम्म सबै बालबालिकालाई सुरक्षित पानी र सरसफाइ दिने लक्ष्य अधुरै रहने शार्पको निष्कर्ष छ।

# एक महिनामै सरकारले लियो ४४ अर्ब ५७ करोड ऋण




## सार्वजनिक ऋण बढ्दा हुने असर

| सकारात्मक पक्ष | नकारात्मक पक्ष |
|---|---|
| • विकास निर्माण, पुनर्निर्माण र ठूलो परियोजनामा लगानी बढ्छ<br>• कुनैपनि परियोजनामा स्रोत अभाव हुन दिँदैन<br>• बाह्य ऋण आउँदा विदेशी मुद्रा भण्डार बढ्छ<br>• ऋणको सही सदुपयोग हुँदा अर्थतन्त्रलाई प्रोत्साहन गर्छ | • अर्थतन्त्रमा ऋणभार बढ्छ<br>• ठूलो रकम साँवा व्याज भुक्तानीमा खर्च हुँदा शिक्षा, स्वास्थ्य, पूर्वाधारमा बजेट अभाव हुन्छ<br>• मुलुकको क्रेडिट रेटिङ घटाउँछ, नयाँ ऋण महँगो पर्न सक्छ<br>• अर्थतन्त्रमा दीर्घकालीन असन्तुलनको जोखिम हुन्छ |

news24

**काठमाडौं, भदौ १०**

सरकारले चालू आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना (साउन) मा ४४ अर्ब ५७ करोड ४८ लाख रुपैयाँ ऋण लिएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको तथ्यांकअनुसार साउनमा आन्तरिक ऋण ४० अर्ब रुपैयाँ र बाह्य ऋण ४ अर्ब ५७ करोड ४८ लाख रुपैयाँ उठाएको हो।

सरकारले साउनमा ३० अर्ब ५५ करोड ११ लाख रुपैयाँ ऋण भुक्तानी पनि गरेको छ। आन्तरिक ऋणतर्फ २७ अर्ब १० करोड रुपैयाँ र बाह्य ऋणतर्फ ३ अर्ब ४५ करोड ११ लाख रुपैयाँ भुक्तानी गरेको हो।

आर्थिक वर्षको सुरुमा कुल सार्वजनिक ऋण २६ खर्ब ६९ अर्ब ५७ करोड रुपैयाँ थियो। नयाँ लिएको ऋण र भुक्तानी गरेको दायित्व हिसाब मिलान गर्दा साउन मसान्तमा कुल सार्वजनिक ऋण दायित्व २६ खर्ब ८३ अर्ब ६० करोड ६ लाख रुपैयाँ पुगेको छ। साउनमा मात्रै १४ अर्ब २ करोड रुपैयाँ बराबर ऋण वृद्धि भएको छ।

कुल सार्वजनिक ऋण दायित्व, कुल गार्हस्थ उत्पादन (जीडीपी) को ४३.९४ प्रतिशत हुन आउँछ। सार्वजनिक ऋणमा साउन मसान्तसम्म वैदेशिक ऋणको हिस्सा ५२.२६ प्रतिशत र आन्तरिक ऋणको ४७.७४ प्रतिशत छ।

### करिब ६ खर्ब ऋण लिँदै

सरकारले यस आर्थिक वर्षमा ५ खर्ब ९५ अर्ब रुपैयाँ ऋण लिने लक्ष्य राखेको छ। यसमध्ये आन्तरिक ऋण ३ खर्ब ६२ अर्ब रुपैयाँ र बाह्य ऋण २ खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख रुपैयाँ उठाउने लक्ष्य छ। वार्षिक लक्ष्यको तुलनामा साउनमा कुल ऋण प्राप्ति ७.४८ प्रतिशत रहेको छ। आन्तरिक ऋण र बाह्य ऋण प्राप्तिको प्रगति ११.०५ प्रतिशत र १.९६ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋण प्राप्तिमध्ये आन्तरिकको हिस्सा ८९.७४ प्रतिशत र बाह्य ऋणको १०.२६ प्रतिशत छ।

### साँवा र ब्याज भुक्तानी

चालू आर्थिक वर्षमा वित्तीय व्यवस्थापनतर्फ ४ खर्ब ११ अर्ब १ करोड रुपैयाँ बजेट विनियोजन भएको छ। यसमध्ये आर्थिक वर्षको पहिलो महिना साउनमा मात्रै ३६ अर्ब ६८ करोड रुपैयाँ भुक्तानी भएको छ। जुन वार्षिक विनियोजन बजेटको आधारमा ८.९३ प्रतिशत हुन्छ। कुल गार्हस्थ उत्पादनको आधारमा साउनमा कुल ऋण सेवा खर्च ०.६ प्रतिशत भएको छ।

साउनमा मात्रै सरकारले ३० अर्ब ५५ करोड ११ लाख रुपैयाँ साँवा भुक्तानी गरेको छ भने ब्याज ६ अर्ब १३ करोड ३१ लाख रुपैयाँ भुक्तानी गरेको छ। आन्तरिक ऋणको साँवा भुक्तानी २७ अर्ब १० करोड रुपैयाँ र ब्याज भुक्तानी ५ अर्ब १३ करोड ७३ लाख रुपैयाँ गरेको छ। यस्तै बाह्य ऋणतर्फ साँवा भुक्तानी ३ अर्ब ४५ करोड ११ लाख रुपैयाँ र ब्याज भुक्तानी ९९ करोड ५८ लाख रुपैयाँ गरेको छ।

### बढ्दो ऋण र अर्थतन्त्रमा असर

नेपालको सार्वजनिक ऋण पछिल्लो एक दशकमा चार गुणाले बढेको छ। सार्वजनिक ऋणको आकार जीडीपीको करिब ४४ प्रतिशत पुगेको छ। सामान्यतया सरकारको ऋण बढ्दा विकास, पुनर्निर्माणलगायत ठूलो परियोजनामा लगानी भइरहेको छ भन्ने बुझिन्छ। सरकारले लिने ऋणले तत्काल स्रोत अभाव भएको खण्डमा बजेट घाटा पूरा गर्न सजिलो हुन्छ। जसले अर्थतन्त्रलाई प्रोत्साहन गर्न सक्छ।

तर ऋण तीव्र गतिमा बढ्दै गयो भने सरकारलाई ऋणभार बढ्छ। ठूलो रकम साँवा र ब्याज भुक्तानीमा जाने हुँदा शिक्षा, स्वास्थ्य, पूर्वाधार जस्ता क्षेत्रमा बजेट कम हुनसक्छ। उच्च ऋणले मुलुकको क्रेडिट रेटिङ घट्छ जसले नयाँ लगानी वा ऋण भित्र्याउन महँगो पर्छ। अर्थतन्त्रमा दीर्घकालीन असन्तुलनको जोखिम निम्तिन सक्छ।

सरकारले ऋण लिएर सही ठाउँमा प्रयोग गऱ्यो भने विकास र रोजगारी सिर्जनामा मद्दत पुग्छ। सडक, ऊर्जा, स्वास्थ्य, शिक्षाजस्ता क्षेत्रमा लगानी गर्नुपरेमा तत्काले स्रोत जुटाउन सहज हुन्छ। तर, ऋण अत्याधिक बढ्यो भने त्यसको नकारात्मक असर देखिन थाल्छ। ब्याज तिर्नकै लागि ठूलो रकम छुट्याउनुपर्छ, जसले बजेटको प्राथमिक क्षेत्र कटौती हुन्छ। अन्त्यमा मुलुक ऋणको जालमा पर्नसक्ने जोखिम हुन्छ।

### आन्तरिक ऋण बढ्दा

सरकारले देश भित्रैबाट बैंक तथा वित्तीय संस्था र सर्वसाधारणबाट लिने ऋण आन्तरिक ऋण हो। आन्तरिक ऋण लिँदा विदेशी मुद्रामा निर्भर हुनु पर्दैन। देशभित्रैको स्रोत परिचालन हुन्छ। जसले अर्थतन्त्रलाई चलायमान बनाउन सक्छ। तर सरकारले बजारबाट धेरै पैसा तान्दा निजी क्षेत्रलाई ऋण पाउन गाह्रो हुन्छ। ब्याजदर बढ्न सक्छ, उद्योग व्यवसायमा लगानी घट्छ। महँगी बढेर जान सक्छ।

तर अहिले बजारमा प्रसस्त तरलता छ। ब्याजदर पनि सस्तिएको छ। यस्तो बेला सरकारलाई आन्तरिक ऋण उठाउँदा फाइदा पुग्छ। तर यसरी उठाएको आन्तरिक ऋण कुन क्षेत्रमा प्रयोग भइरहेको छ भन्ने महत्वपूर्ण हुन्छ। विकास निर्माणका कार्यक्रमा प्रयोग भएको छ भने यसले अर्थतन्त्रमा राम्रै फाइदा गर्छ। तर अनिवार्य दायित्व पूरा गर्न प्रयोग भएको छ भने त्यसले सरकारलाई दीर्घकालमा समस्या पार्न सक्छ।

| ऋणको विवरण | वार्षिक लक्ष्य | साउनसम्मको प्राप्ति | प्राप्ति प्रतिशत | प्राप्ति गर्न बाँकी |
|---|---|---|---|---|
| जम्मा सार्वजनिक ऋण | ५९५६६.३१ | ४४५७.४८ | ७.४८ | ५५१०८.८३ |
| आन्तरिक ऋण | ३६२००.०० | ४०००.०० | ११.०५ | ३२२००.०० |
| वाह्य ऋण | २३,३६६.३१ | ४५७.४८ | १.९६ | २२९०८.४८ |

### बाह्य ऋण बढ्दा

सरकारले विदेशी दाता, अन्तर्राष्ट्रिय निकाय वा देशसँग लिइने ऋण बाह्य ऋण हो। खासगरी सरकारले दीर्घकालीन र ठूलो परियोजनाका लागि बाह्य ऋण लिने गर्दछ। यस्तो ऋण प्राविधिक सहायता र सस्तो ब्याजदरमा प्राप्त हुने गर्दछ। बाह्य ऋण उठाउँदा देशको विदेशी मुद्रा भण्डार बढ्छ।

बाह्य ऋण धेरै उठाइयो भने स्वदेशी मुद्रा कमजोर हुन गई ऋणभार बढ्न सक्छ। साँवा ब्याज भुक्तानी विदेशी मुद्रामा गर्नुपर्ने भएकाले भुक्तानी सन्तुलनमा दबाब पर्न सक्छ। वैदेशिक ऋण धेरै भयो भने ऋण दाताले आर्थिक नीतिहरूमा सर्त थोपर्न सक्छन्, जसले देशको सार्वभौमिकता कमजोर बनाउन सक्छ।

नेपालजस्तो विकासशील मुलुकका लागि ऋण अपरिहार्य छ। सरकारको आफ्नै स्रोतले विकास निर्माणका गतिविधि अगाडि बढाउन अहिलेकै अवस्थामा सम्भव देखिदैन। त्यसैले सरकारले ऋण लिएर उत्पादकमुलक क्षेत्रमा लगानी गर्न सक्यो भने मात्रै ऋण लिनुको फाइदा हुनसक्छ। अन्यथा तिर्नुपर्ने दायित्वको भार बढ्दै जाने र भविष्यमा ऋणको जालमा पर्नसक्ने जोखिम रहन्छ।

## पाँच हजार अमेरिकी डलर बराबरको विदेशी मुद्रा नगदमा ल्याउन पाइने



काठमाडौं (संवाददाता)- विदेशबाट नेपालमा पाँच हजार अमेरिकी डलर बारबरको विदेशी मुद्रा नगद बोकेर सहजै ल्याउन पाइने भएको छ। नेपाल राष्ट्र बैंकले सूचना जारी गर्दै नेपाली वा विदेशी नागरिकले नगद विदेशी मुद्रा पाँच हजार अमेरिकी डलरसम्म भन्सार घोषणा बिना नेपाल भित्र्याउन सक्ने जनाएको छ।

भारतीय रुपैयाँको हकमा अमेरिकी डलर पाँच हजार बराबर हुन आउने भारुसम्म र राष्ट्र बैंकले विनिमयदर प्रकाशन नहुने अन्य विदेशी मुद्राको हकमा समेत त्यतिनै बराबर नगद ल्याउन पाइने छ। पाँच हजार अमेरिकी डलरभन्दा बढी विदेशी मुद्रा नगदमा ल्याउने भए भन्सार घोषणा गरी प्रमाणित गराउनु पर्नेछ।

नगद विदेशी मुद्रा नेपालमा भित्र्याउने र नेपालबाट बाहिर लैजाने सम्बन्धमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ र १२ को व्यवस्थाहरू, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४को दफा २९क.को व्यवस्था र २०७५ पुस २३ को नेपाल राजपत्रको सूचना समेतको आधारमा राष्ट्र बैंकले २०७५ असार ३२ र २०७५ चैत २६ मा प्रकाशित सूचनाबमोजिम यो सूचना सार्वजनिक गरेको हो।

यस्तै, चलनचल्तीमा रहेका भारतीय रुपैयाँ ५०० र १००० दरका नोट कारोबार गर्न तथा भारु २००, ५०० र २००० दरका नोट साथमा राख्न, ओसारपसार र कारोबार गर्न नपाइने व्यवस्था रहेको भन्दै सचेत गराएको छ। यस्तै नेपाली नागरिकले भारतबाहेक अन्य मुलुकमा भारु लैजान वा अन्य मुलुकबाट भारु नेपाल ल्याउन नपाउने जानकारी पनि गराएको छ।

## सिटिजन्स बैंकको लिडरशिप कार्यक्रम



काठमाडौं (संवाददाता)- गत आर्थिक वर्षको कार्य प्रगति समीक्षा र यस आर्थिक वर्षको प्राथमिकताबारे सिटिजन्स बैंक इन्टरनेसनलले कोशी प्रदेशमा सेमिनार आयोजना गरेको छ।

बैंकले कोशी प्रदेशका प्रमुख, क्लस्टरहेड, शाखा-प्रबन्धक तथा अन्य सहकर्मीहरूको उपस्थितिमा 'सेमिनार अन् कोशी लिडरशिप : इन्स्पाएरिङ पर्फरमेन्स एण्ड अचिभिङ एक्शिलेन्स' कार्यक्रम आयोजना गरेको हो।

सेमिनारमा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल, उप-प्रमुख कार्यकारी अधिकृत र वरिष्ठ कार्यकारीको उपस्थिति थियो। सेमिनारमा गत आर्थिक वर्षको कार्य प्रगति समीक्षा एवं चालू आर्थिक वर्षका प्राथमिकताहरूमा छलफल गर्दै केन्द्र र प्रदेशबीच सहकार्य सुदृढ गर्ने विषयमा अन्तरक्रिया भएको बैंकले जनाएको छ। यसअघि बैंकले मधेश र बागमती प्रदेशमा सेमिनार आयोजना गरिसकेको छ।

बैंकले आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म कर्जा, निक्षेप, खुद ब्याज आम्दानी जस्ता सूचकमा दोहोरो अंकको वृद्धि गर्दै कोषको लागत घटाउने, आधार दर कम गर्ने तथा कर्जा जोखिम व्यवस्थापनमा उल्लेखनीय सुधार भएको जनाएको छ।

गत आर्थिक वर्षमा बैंकको कर्जा प्रवाह ११.१५ प्रतिशत वृद्धि भई १ खर्ब ७५ अर्ब १६ करोड रुपैयाँ पुगेको छ। जुन २०८०/८१को असार मसान्तमा १ खर्ब ५७ अर्ब ५८ करोड रुपैयाँ थियो।

निक्षेप संकलनमा पनि ११.६९ प्रतिशत वृद्धि गरी २ खर्ब १४ अर्ब ८ करोड रुपैयाँ पुगेको छ। जुन अघिल्लो वर्षको तुलनामा २२ अर्ब रुपैयाँ बढी हो।

सिटिजन्स बैंकले देशभर ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा एटीएम, ३ विस्तारित काउन्टर र ७४ वटा शाखारहित बैंकिङ इकाइहरूबाट १९ लाख ३० बढीलाई बैंकिङ सेवा प्रदान गरेको छ।

## होन्डाको दशैं योजना 'चंगा उड्छ फरर, होन्डा कारमा सरर'



काठमाडौं (संवाददाता)- नेपालका लागि होन्डा कारको आधिकारिक बिक्रेता स्याकार ट्रेडिङ कम्पनीले चाडपर्व लक्षित नयाँ योजना सार्वजनिक गरेको छ। कम्पनीले दशैंको अवसर पारेर 'चंगा उड्छ फरर, होन्डा कारमा सरर' योजना सार्वजनिक गरेको हो। 'यो दशैं बेस्ट भ्यालु रोज्नुहोस्' भन्ने नाराका साथ ल्याइएको योजना भदौ ७ देखि कात्तिक १४ गतेसम्म सबै होन्डा शोरूमहरूमा लागू हुने कम्पनीले जनाएको छ।

चाडपर्वको समयमा गाडी खरिद गर्न चाहनेहरूलाई उत्कृष्ट मूल्य र सेवा प्रदान गर्नका लागि नयाँ योजना ल्याइएको कम्पनीले जनाएकोछ। योजना अन्तर्गत ग्राहकले चार लाख रुपैयाँसम्म आकर्षक नगद छुट दिएको छ। यस्तै, पाँच वर्षको लागि निःशुल्क सर्भिसिङ, एक वर्षको निःशुल्क इन्स्योरेन्स, एक वर्षको सडक कर छुट जस्ता सुविधा पाउनेछन्। पुराना गाडीसँग नयाँ होन्डा साट्न चाहने ग्राहकहरूका लागि २५ हजार रुपैयाँ बराबरको एक्सचेन्ज बोनस पनि उपलब्ध गराएको छ।

यसबाहेक, हरेक गाडीको खरिदमा निःशुल्क एसेसरिज, दुई वर्षको इन्जिन वारेन्टी, र एकपटकको लागि निःशुल्क रोडसाइड असिस्टेन्सजस्ता थप सुविधा पनि प्राप्त गर्नेछन्।

यी सबै अफरहरूले ग्राहकहरूलाई होन्डा गाडीको स्वामित्व ग्रहण गर्दा पूर्ण मानसिक शान्ति र उत्कृष्ट अनुभव प्रदान गर्ने कम्पनीले विश्वास लिएको छ। यो योजना होन्डाका लोकप्रिय मोडेलहरू जस्तै होन्डा सिटी, सिटी इएर्चभी, एलिवेट, अमेज, र सिटी फिफ्थ जेनेरेसन लगायतका गाडीहरूमा उपलब्ध हुनेछ।

## हायात सेन्ट्रिकमा डाइनावाइट भोल्युम

काठमाडौं (संवाददाता)- मनोरञ्जन कार्यक्रम डाइनावाइट भोल्युम एक्सआईआई शनिबार हायात सेन्ट्रिक सोल्टिमोड काठमाडौंमा सम्पन्न भएको छ।

होटलको जिंग स्काई बार एण्ड लाउन्जमा आयोजित यस कार्यक्रमले काठमाडौंका संगीतप्रेमीलाई एकै ठाउँमा जोडेको आयोजनले जनाएको छ। कार्यक्रममा काठमाडौंका उत्कृष्ट र चर्चित कलाकारहरूले प्रस्तुति दिएका थिए। कलाकारहरूले आधुनिक नेपाली संगीतदेखि रगे-फंक, इलेक्ट्रोनिक र फ्युजन धुन प्रस्तुत गर्दै दर्शकलाई झुमाए। पूलसाइड स्थललाई ताल, कला र उत्साहपूर्ण ऊर्जाले भरिएको वातावरणमा बदल्दै दिनदेखि रातसम्म मनोरञ्जन दिइएको थियो।

संगीतसँगै सहभागीहरूले सिग्नेचर ककटेल, विशेष पेय अफर र लाइभ फूड स्टेसन को स्वाद लिन पाएका थिए।

होटलका महाप्रबन्धक वाल्टर पेरेइराले कार्यक्रममा भएको उत्साहलाई सकारात्मक रूपमा लिँदै डाइनावाइटलाई संगीत, संस्कृति र आतिथ्य मिसाएको सम्झनालायक अनुभवका रूपमा प्रस्तुत भएको बताए।

## मेटलाइफको नयाँ कार्यालय पर्सा, कावासोती र दमौलीमा



काठमाडौं (संवाददाता)- जीवन बीमा कम्पनी मेटलाइफले विभिन्न तीन स्थानमा नयाँ एजेन्सी कार्यालय स्थापना गरेको छ। कम्पनीले पर्सा, कावासोती र दमौलीमा एजेन्सी कार्यालय स्थापना गरिएको जनाएको छ। ती कार्यालयबाट आफ्ना सेवाग्राहीलाई वित्तीय परामर्श र बीमा सेवाबारे पहुँच उपलब्ध हुने कम्पनीले जानकारी दिएको छ।

जीवन बीमा वित्तीय सुरक्षाका लागि आवश्यक बन्दै गएको बेला, मेटलाइफ नेपालले परिवार र व्यवसायहरूलाई थप सुरक्षा सहज बनाउन सार्थक कदमहरू चालिरहेको जनाएको छ। विभिन्न ठाउँमा कार्यालय विस्तार गर्दै आएको मेटलाइफले अझ धेरै परिवारलाई सुरक्षित भविष्यको योजना बनाउन, आफन्तलाई सुरक्षित राख्न र जीवनका अनिश्चितताविरुद्ध वित्तीय प्रतिरोधात्मक क्षमता बलियो बनाउन सुनिश्चित गर्न खोजेको छ। नयाँ कार्यालयले बीमा सेवा मात्र गर्ने नभई स्थानीय रोजगारका अवसर सिर्जना गर्ने र वित्तीय सुरक्षा क्षेत्रमा करियर बनाउन प्रेरित गर्ने जनाएको छ।

मेटलाइफ नेपालका जनरल म्यानेजर निर्मलकाजी श्रेष्ठले भने, 'पर्सा, कावासोती र दमौलीमा हाम्रो ढोका खोल्नु केवल सञ्जाल विस्तारमात्र होइन, यो बीमा सुरक्षालाई मानिसहरूको दैनिक जीवनमा नजिक ल्याउने हाम्रो संकल्प हो।' उनले मानिसहरूले वित्तीय सुरक्षा पाउन टाढा यात्रा गर्न वा लामो समय पर्खिनु नपरोस् भन्ने उद्देश्यसहित नयाँ ठाउँमा कार्यालय स्थापना गरिएको बताए।

## नेपाल बैंक र माउन्टेन भिस्टा रिट्रिटबीच सम्झौता




काठमाडौं (संवाददाता)- नेपाल बैंकका ग्राहकले काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिकामा रहेको रिसोर्ट माउन्टेन भिस्टा रिट्रिटमा छुट पाउने भएका छन्। बैंकले आफ्ना ग्राहकलाई छुट दिने सम्बन्धमा रिसोर्टसँग सम्झौता भएको जनाएको छ।

बैंकमा कार्यरत कर्मचारीहरू, कर्मचारीका परिवार र बैंकमा खाता रहेका ग्राहकहरूले रिसोर्टले प्रदान गर्ने सेवामा लाग्ने शुल्कमा छुट पाउने भएका हुन्।

सम्झौता बमोजिम रिसोर्टले विभिन्न सेवा शुल्कमा बिल रकमको १० देखि १५ प्रतिशतसम्म छुट उपलब्ध गराउने छ।

सम्झौता बैकको तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाशकुमार अधिकारी र माउन्टेन भिस्टा रिट्रिट प्रालिका बिक्री निर्देशक प्रदीप शर्मा पौडेलले हस्ताक्षर गरेका छन्।


## भैरहवा र पोखराबाट अन्तर्राष्ट्रिय उडान गर्न छलफल



काठमाडौं। पोखरा र गौतमबुद्ध विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने सम्बन्धमा सम्बद्ध निकायबीच छलफल भएको छ। दुवै विमानस्थलबाट नियमित उडान गर्नेसम्बन्धी कार्ययोजनामा मंगलबार अर्थ मन्त्रालयमा छलफल भएको अर्थमन्त्री विष्णुप्रसाद पौडेलको निजी सचिवालयले जनाएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भारवहन व्यवस्थापन तथा गौतमबुद्ध र पोखरा विमानस्थलमा नियमित उडानका उपाय पहिचान गर्न छलफल भएको हो।

छलफलमा अर्थमन्त्री पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारी, मुख्यसचिव एकनारायण अर्याल, सचिवहरू तथा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकलगायत सहभागी थिए। *रासस*

# शेयरबजारमा सूचक बढ्यो, कारोबार घट्यो




news24
काठमाडौं, भदौ १०

शेयरबजारमा मंगलबार परिसूचक सामान्य बढे पनि कारोबार रकम घटेको छ। कुल ४ अर्ब १८ करोड ५३ लाख रुपैयाँ बराबरको ९२ लाख ४३ हजार २३२ कित्ता शेयर किनबेच भएको छ। जुन चार महिना यताकै न्यून हो। यसअघि २०८१ चैत २७ गते ४ अर्ब ४८ करोडको कारोबार भएको थियो।

लगानीकर्ताहरू तीज पर्वमा रहेकाले कारोबार रकममा गिरावट आएको बजारका विश्लेषकहरूको दाबी छ। यद्यपि केही दिन यता बजारमा कारोबार रकम घटदै आएको देखिन्छ।

कारोबार घटे पनि नेप्से परिसूचकमा भने सुधार भएको छ। दिनभर सामान्य उतारचढाव देखिएको बजारमा कारोबार बन्द हुँदा नेप्से ४.८३ अंकले बढेर २,७६६.०९ विन्दुमा पुगेको छ। 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ परिसूचक ०.१० प्रतिशत बढेर ४७४.८९ विन्दुमा पुगेको छ। यस्तै साधारण शेयरको कारोबार मापन गर्ने फ्लोट सूचक ०.१६ प्रतिशत बढेर १८९.२३ विन्दुमा र सेन्सिटिभ फ्लोट ०.१४ प्रतिशत बढेर १६२.३४ विन्दुमा पुगेको छ।

कारोबार भएका २५१ कम्पनीमध्ये १४९ वटाको शेयरमूल्यमा गिरावट आउँदा बजारमा दबाब परेको हो। यसदिन १०१ वटा कम्पनीका शेयरधनीले कमाएका छन् भने एउटा कम्पनीको शेयरमूल्य स्थिर रहेको छ।

सूचीकृत १३ समूहमध्ये ४ वटा समूह घटेका छन भने ९ वटा बढेका छन्। लगानी समूह ०.१०, उत्पादन तथा प्रशोधन ०.६८, लघुवित्त ०.४८ र निर्जीवन बीमा ०.१० प्रतिशतले घटेको छ। बाँकी सबै समूह बढेका छन्। बैंकिङ ०.१४, विकास बैंक ०.९६, वित्त ०.१२, होटल तथा पर्यटन ०.१७, जलविद्युत् ०.०७ र जीवन बीमा ०.०६ प्रतिशतले बढेको छ। त्यस्तै, म्युचुअल फन्ड ०.१३, व्यापार ०.११ र अन्य समूह १.४२ प्रतिशतले बढेको छ।

विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै कुमारी सबल योजनाको इकाइ मूल्य ३.६६ प्रतिशतले घटेको छ।

सर्वाधिक मूल्य बढ्ने पाँच कम्पनीमा विकास हाइड्रोपावर कम्पनी, नेपाल रिपब्लिक मिडिया, नारायणी डेभलपमेन्ट बैंक, सीआइसी नेपाल लघुवित्त वित्तीय संस्था र गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स छन्।

सर्वाधिक मूल्य घट्ने पाँच कम्पनीमा नाडेप लघुवित्त वित्तीय संस्था, पिपल्स हाइड्रोपावर कम्पनी, विजय लघुवित्त वित्तीय संस्था, नेशनल लघुवित्त वित्तीय संस्था र युनिक नेपाल लघुवित्त वित्तीय संस्था रहेका छन्।

सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको ४८ करोड ९५ लाख ७८ हजार २२४ रुपैयाँको कारोबार भएको छ। त्यसपछि हिमालयन रिइन्स्योरेन्सको २१ करोड ७१ लाख रुपैयाँ, एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्टको १९ करोड ४८ लाख रुपैयाँ, हिमालयन डिस्टिलरीको १६ करोड ८४ लाख रुपैयाँ र बुटवल पावर कम्पनीको १४ करोड २५ लाख रुपैयाँको शेयर कारोबार भएको छ।

यसदिन लगानीकर्ताको सम्पत्ति ८ अर्ब रुपैयाँ मात्रै बढेको छ। बजार पुँजीकरण ४६ खर्ब २२ अर्ब रुपैयाँ कायम भएको छ। साधारण शेयर तर्फको बजार पुँजीकरण पनि तीन अर्ब रुपैयाँ बढेर १५ खर्ब ६४ अर्ब रुपैयाँ कायम भएको छ।

**सर्वाधिक मूल्य बढेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| विकास हाइड्रोपावर क.लि. | ४७०.२० | ४२.७० | ९.९९ |
| नेपाल रिपब्लिक मिडिया लि. | ५५८.७८ | ४४.२९ | ८.६१ |
| नारायणी डेभलपमेन्ट बैंक लि. | ८४७.६० | ५७.५० | ७.२८ |
| सीआईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. | १,८३७.२३ | ७९.६७ | ४.५३ |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | २,०१६.८६ | ७३.०६ | ३.७६ |

**सर्वाधिक मूल्य घटेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| नाडेप लघुवित्त वित्तीय संस्था लि. | ८१६.११ | -२५.१८ | -२.९९ |
| पिपल्स हाइड्रोपावर क.लि. | ४५०.७० | -११.९८ | -२.५९ |
| विजय लघुवित्त वित्तीय संस्था लि. | ८१६.७९ | -२०.४४ | -२.४४ |
| नेशनल लघुवित्त वित्तीय संस्था लि. | १,२८९.२६ | -३१.६६ | -२.४० |
| युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि. | २,१२०.२० | -४९.८० | -२.२९ |

**प्रमुख विवरण**

| | |
|---|---|
| नेप्से सूचक | २,७६६.०९ |
| कारोबार रकम (रु) | ४,१८५,३१५,७३४ |
| कारोबार भएको शेयर संख्या | ९,२४३,२३२ |
| कारोबार भएका कम्पनी | २५१ |
| बजार पुँजीकरण | ४,६२२,२६१,९३५,४४३ |

**समूहगत सूचक**

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४३२.८७ | २.०२ |
| विकास बैंक | ५,७८७.७७ | ५५.४४ |
| फाइनान्स | २,४४९.२४ | २.९४ |
| होटल तथा पर्यटन | ७,०३८.१० | १२.३४ |
| जलविद्युत् | ३,५४६.६० | २.५७ |
| लगानी | ११०.७६ | -०.१२ |
| जीवन बीमा | १२,९९३.१० | ८.०३ |
| उत्पादन तथा प्रशोधन | ७,५२४.६६ | -५१.५२ |
| लघुवित्त | ५,१९०.९४ | -२५.१२ |
| म्युचुअल फण्ड | २०.३१ | ०.०२ |
| निर्जीवन बीमा | १२,३१२.५० | -१२.६५ |
| व्यापार | ४,०९६.१० | ४.९० |
| अन्य | २,७०३.५५ | ३८.०२ |

**सर्वाधिक कारोबार भएका पाँच कम्पनी**

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| नेपाल रिइन्स्योरेन्स क.लि | ४८९,५७८,२२४.७० | १,६८६.२० |
| हिमालयन रिइन्स्योरेन्स क.लि | २१७,११२,८७४.१० | १,०१२.०० |
| एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लि. | १९४,८९४,८३४.६० | २,१३०.०० |
| हिमालयन डिस्टिलरी लि. | १६८,४०९,३४३.०० | १,३९९.०० |
| बुटवल पावर क.लि. | १४२,५७८,७२१.७० | ८३२.२० |

# 'समृद्ध नेपाल बनाउन देशबाहिरका नेपालीको लगानी आवश्यक छ'



काठमाडौं। उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विश्वभरि छरिएर रहेका नेपालीलाई नेपालमा आएर लगानी गर्न आह्वान गरेका छन्। एसोसिएसन अफ नेपाली ओरिजियन (एएनओ) नेपाल च्याप्टरको प्रथम अधिवेशनको मंगलबार उद्घाटन गर्दै उनले विभिन्न कारणले विदेसिएका र विदेशमा व्यापार गरिरहेका नेपालीलाई स्वदेशमा लगानी गर्न आग्रह गरेका हुन्।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री पौडेलले भने,'देशको विकास र समृद्धि नै नेपालीको सुख तथा समृद्धि भएकाले सरकारले सोहीअनुसार काम गरिरहेको छ। यसमा विदेशमा रहनुभएका नेपालीको सहयोग आवश्यक छ। सरकारले लगानीको वातावरण तयार पारिरहेको छ र अझै सहजीकरण गर्न तयार छ।'

सांस्कृतिक राष्ट्रियतालाई जोड्न पनि एएनओको भूमिका रहेको भन्दै उनले यस्ता कार्यक्रम आदानप्रदान हुन आवश्यक रहेकामा जोड दिए। एएनओका केन्द्रीय अध्यक्ष डिल्ली अधिकारीले आमनेपालीको सुनौलो भविष्य निर्माणमा सहयोग पुगोस् भन्ने उद्देश्यले विश्वका ३२ वटा देशमा रहेका नेपालीको सहभागितामा गत वर्ष थाइल्यान्डमा संस्था गठन गरिएको जानकारी दिए। महासचिव चुडामणि भट्टराईले एएनओ गठनको उद्देश्यबारे आफ्नो धारणा राखेका थिए।

सम्मेलनमा पूर्वउपरथि कृष्णप्रसाद सापकोटाको संयोजकत्वमा १३ सदस्यीय एएनओको नेपाल च्याप्टरसमेत गठन गरिएको छ। समितिमा उपाध्यक्षमा राजेन्द्र अधिकारी, महासचिवमा फूलमान बल, सचिव कृष्णप्रसाद ओडारी तथा कोषाध्यक्षमा यमुना पराजुली अधिकारी चयन भएका छन्। साथै सदस्यमा गीता गुरुङ, डा सुशीला नेपाली, रन्जन बिडारी, कृष्ण विक, रविता तामाङ, सुनिल थापा र दीक्षा चपाई चयन भएका छन्।

# रसुवा र तातोपानी नाका सञ्चालन गर्न चेम्बरको आग्रह

काठमाडौं। भारी वर्षा र बाढीका कारण गत असारमा अवरुद्ध भएको रसुवा र तातोपानी नाका छिटो सञ्चालनमा ल्याउन नेपाल चेम्बर अफ कमर्सले सरकारको ध्यानाकर्षण गराएको छ। चाडपर्वका बेला दुवै नाका बन्द भएपछि व्यापार, व्यवसाय र वस्तु आयात-निर्यात प्रणालीमा गम्भीर समस्या देखिएकाले तत्काल पुनर्निर्माण गर्न चेम्बरले आग्रह गरेको हो।

सामान आयात प्रभावित हुँदा मूल्यवृद्धिमा समेत असर गर्ने भएकाले सरोकारवाला परराष्ट्र मन्त्रालय, अर्थ, गृह, भौतिक पूर्वाधार तथा यातायात र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा ध्यानाकर्षण गराइएको चेम्बरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। लत्ताकपडाका साथै दैनिक उपभोग्य वस्तु बजारमा अभाव सृजना हुने जोखिम बढेको चेम्बरले जनाएको छ।

विज्ञप्तिमा भनिएको छ, 'दशैं, तिहार र छठजस्ता ठूला पर्व नजिकिँदै छन्। अवरुद्ध तातोपानी र रसुवा नाका समयमा पुनर्निर्माण सम्पन्न नहुँदा आयात प्रत्यक्ष प्रभावित भएको र यसले उपभोक्तामाथि अतिरिक्त आर्थिक बोझ पर्न सक्ने देखिन्छ।'

चीनसँग जोडिएको महत्त्वपूर्ण नाकाहरू लामो समय बन्द हुँदा वैदेशिक व्यापारमात्र नभइ साना उद्योग र व्यावसायिक प्रतिष्ठान पनि संकटमा परेको चेम्बरका भनाइ छ।

# अमेरिकाले भारतमाथि कर बढायो, शेयरबजारमा पहिरो

नयाँदिल्ली। अमेरिकाले भारतमाथि थप २५ प्रतिशत कर लगाएको छ। बुधबारदेखि लागु हुनेगरी अमेरिकाले कर बढाएको हो।

रुसबाट तेल खरिद गरेबापत जरिवानास्वरूप अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अगस्ट ६ मा भारतमाथि कर घोषणा गरेका थिए। अमेरिकाले अगस्ट ७ देखि भारतमा २५ प्रतिशत कर लगाएको थियो। फेरि बुधबारदेखि थप २५ प्रतिशत कर लगाएपछि अब भारतबाट अमेरिका निर्यात हुने वस्तुमा ५० प्रतिशत कर लाग्नेछ।

मंगलबार जारी गरिएको आदेशमा भनिएको छ, 'यस कागजातको सूचीमा उल्लेख गरिएको शुल्क भारतबाट आउने वस्तुहरूमा लागु हुनेछ। यी वस्तुहरू अमेरिकामा प्रयोगको लागि ल्याइनेछ वा प्रयोगको लागि गोदामबाट बाहिर लगिनेछ।' राष्ट्रपति ट्रम्पले रुसमाथि दबाब दिन भारतलाई कर लगाएको बताउँदै आएका छन्।

अमेरिकी करका कारण मंगलबार भारतीय शेयरबजार पनि प्रभावित भयो। बम्बे स्टक एक्सचेन्ज (बीएसई) सूचक सेन्सेक्स ८४९ अंकले घटेर ८०,७८७ विन्दुमा बन्द भएको छ। नेशनल स्टक एक्स्चेन्जको निफ्टी ५० पनि २५५.७० अंकले घटेर २४,७१२.०५ विन्दुमा झरेको छ।

अमेरिकी सरकारले भारतबाट आयात हुने सामानमा कर बढाएर ५० प्रतिशत पुऱ्याएपछि बजार उच्च अंकले घटेको हो। खासगरी औषधि र धातुको शेयरमूल्य घटेको छ। सेन्सेक्समा सूचीकृत ३० कम्पनीको स्टकमध्ये २५ वटा घटेका छन भने पाँचवटा बढेका छन्। निफ्टीका ५० कम्पनीमध्ये ३७ वटा घटेका छन् भने १३ वटा बढेका छन्।

विज्ञहरूले अमेरिकी करका कारण गहना, कपडा, अटो र समुद्री खाना क्षेत्रका उद्योगहरूको नाफा घट्ने चेतावनी दिएका छन्। भारतले अमेरिकामा वार्षिक ४८.२ अर्ब डलरको निर्यात गर्दै आएको छ। भारतले रुसबाट पेट्रोलियम इन्धन आयात गर्दै आएको छ। सस्तोमा इन्धन पाउने भएपछि भारतले रुसबाट आयात गरेको हो। अमेरिकाले रुसमाथि दबाब बढाउन भारतमाथि कर बढाउँदै लगेको हो। *एजेन्सी*

# धुलिखेल-सूर्यविनायक विस्तार कार्य फेरि सुरु



काभ्रेपलाञ्चोक। वर्षाका कारण रोकिएको अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक-धुलिखेल सडकखण्डमा स्तरोन्नतिको काम पुनः सुरु गरिएको छ। काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका वडा नम्बर १० स्थित जनागाल क्षेत्रमा 'पिच' गर्ने प्रक्रिया थालिएको आयोजनाले जनाएको छ।

सडक पिच गर्नका लागि 'सीटीबी' को काम भइरहेको सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाले जनाएको हो। जनागालबाट भैंसेपाटी हुँदै साँगातर्फ 'सीटीबी'को काम सुरु भएको आयोजनाका इन्जिनियर विष्णुप्रसाद खनालले जानकारी दिए। उनका अनुसार यसअघि असार र साउन महिनामा मनसुनका कारण विस्तार कार्य रोकिएको थियो।

बनेपाको पुलबजार क्षेत्रमा भने करिब छ महिनादेखि स्थानीयको अवरोधका कारण काम ठप्प अवस्थामा नै रहेको छ। उक्त क्षेत्रको करिब २०० मिटर क्षेत्रमा 'सेन्टर लाइन'को विषयलाई लिएर स्थानीयले अवरोध जनाएपछि विस्तार कार्य रोकिएको हो। सेन्टर लाइनबाट दायाँबायाँ ७५/७५ फिट (१५० फिट) मध्ये पनि १४० फिटमा काम भइरहेकामा स्थानीयले दुवै तर्फका घरमा बराबर छुट्याउनुपर्ने विषयमा विवाद निकालेर निर्माण कार्य अवरुद्ध पारेको जनाइएको छ।

यसअघि विभिन्न निकायको समन्वयमा अवरोध हटाउन प्रयास गरिए पनि समस्या सुल्झेको छैन। हाल बनेपाको पूर्वीतर्फको चण्डेश्वरी खोलादेखि बनेपा चारदोबाटोसम्म करिब एक किमि सडकको ढल निर्माण कार्य भइरहेको छ। पुलबजारबाहेकको सूर्यविनायकदेखि धुलिखेलसम्मको अन्य स्थानमा भने छोटो खण्ड-खण्डमा काम भइरहेको खनालले बताए। उनका अनुसार धुलिखेल क्षेत्रमा कामले गति लिइरहेकाले हाल एक किमी क्षेत्रमा वाल, ड्रेन, पेवमेन्टको काम सकिएको छ भने केही दिनमा नै सडक कालोपत्रको तयारी भइरहेको छ। धुलिखेलको २८ किलो भन्ने स्थानमा एक घर हटाउन तथा केही स्थानमा विद्युत्को 'हाइटेन्सन लाइन'को पोल सार्न बाँकी रहेको जनाइएको छ।

यसैबीच अरनिको राजमार्ग अन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको सडक छ लेनमा विस्तारको काम समयमा नै नसकिने भएको छ। आयोजनाले बाँकी करिब पाँच महिनाको अवधिमा विस्तारको काम नसकिने जनाएको हो। विसं २०७९ पुस २४ बाट सुरु गरिएको १६ किलोमिटर लम्बाइको यस सडक ३६ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। सडकखण्ड सूर्यविनायकबाट साँगासम्म र साँगाबाट धुलिखेलसम्म गरी दुई खण्डमा विभाजन गरी सोहीअनुसार ठेक्का सम्झौता भई विस्तार भइरहेको छ।

हाल दुई खण्डमध्ये सूर्यविनायक-साँगा खण्डको ३७ प्रतिशत र साँगा-धुलिखेल खण्डमा ५० प्रतिशत काम सकिएको खनालले जानकारी दिए। साँगा-धुलिखेल खण्डमा बनेपाको सहरी क्षेत्रमा पुललगायत व्यक्तिगत घरको विवाद तथा मापदण्डभित्रका घर भत्काउन नसक्दा ढिलाइ भएको र समयसीमासम्म करिब ६५ प्रतिशत भौतिक निर्माणको काम हुने जनाइएको छ।

उक्त आयोजनाअन्तर्गत पहिलो चरणमा साँगादेखि धुलिखेल आठ दशमलव चार किमि सडकखण्ड विस्तार कार्यका लागि पहिलो चरणमा साँगा-धुलिखेलका लागि रु चार अर्ब पाँच करोड ६४ लाख तथा दोस्रो चरणमा सुरु भएको सूर्यविनायक-साँगा सडकखण्ड रु तीन अर्ब ८८ करोड ९३ लाखमा सम्झौता भएको थियो। साँघुरो सडकका कारण बर्सेनि ट्राफिक जाम बढ्दै गएपछि चार लेनमा विस्तार थालिएको हो। *रासस*

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१-४५२३४३२/३४/३६
को

**केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौंको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको शेयर लिलाम विक्रि हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८२/०५/११ गते)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको शेयर कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित शेयरहरु गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको शेयहरुको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न पठाइने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल


| शेयर धनीको नाम | शेयर धितोमा रहेको कम्पनीको नाम | धितोको प्रकार | शेयर कित्ता |
|---|---|---|---|
| सिमा मारवाडी | हिमालयन बैंक लिमिटेड | संस्थापक समुह | ५२,५५५ |

नोट : शेयरको न्यूनतम अंकित मूल्य रु. १००/-(एक सय मात्र) रहेको ।

धितो लिलामी बिक्रीका शर्तहरु:

१. बोलपत्र आवेदन फारम मिति २०८२/०५/११ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ ।
२. एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले छुट्टाछुट्टै आवेदन भरि फरक फरक मुल्यमा आवेदन दिन पनि सकिनेछ । बोलपत्र पेश गर्दा शिलवन्दी खाम बाहिर धितोमा रहेको शेयर खरिद गर्ने शिलबन्दी बोलपत्र उल्लेख भएको हुनुपर्नेछ ।
३. शेयर खरीदको लागि आवेदन गर्दा न्यूनतम ५०० (पाँच सय) कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम सम्पूर्ण शेयरको लागि आवेदन दिन सकिनेछ । तर, शेयर खरिद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ ।
४. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको आंशिक वा पूरा शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेकोमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन ।
५. संस्थापक समूहमा रहेको आवेदक र अन्य आवेदकको बोलपत्रमा उल्लेखित रकम समान हुन आएमा संस्थापक समूहमा रहेका व्यक्तिको बोलपत्र आवेदनलाई मान्यता दिइने छ । संस्थापक समूहको शेयरमा लगानी गर्ने लगानीकर्ताले बोलकबोल निवेदनसाथ नेपाल राष्ट्र बैंकले तोकेको आवश्यक कागजात सहित अनुसूची ३ को विवरण, लगानी गर्ने रकमको श्रोत खुल्ने कागजात, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला निस्सा लगायत कालोसूचीमा नरहेको स्वघोषणा प्रमाण समेत संलग्न गर्नुपर्नेछ । बोलपत्रदाता नेपाल नेपाल राष्ट्र बैंकले तोकेको योग्यता परीक्षणमा (Fit & Proper Test) मा सफल हुनुपर्नेछ।
६. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक तथा वित्तीय संस्थाको Good For Payment Cheque वा Managers's Cheque संलग्न गर्नुपर्नेछ ।
७. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ । बोलपत्रदाता हिमालयन बैंक लिमिटेडको शेयरधनी भएमा DEMAT नम्बर, आफूसँग भएको उक्त शेयरको संख्या र शेयर प्रतिशत लगायत फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
८. शिलबन्दी बोलपत्र मिति २०८२/०५/२५ गते बुधबार कार्यालय समयभित्र यस बैंकको केन्द्रिय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाधि आएका वा रीत नपुगेका वा शर्त राखि आएका आवेदनहरु उपर कारबाही गरिने छैन ।
९. शिलबन्दी बोलपत्र मिति २०८२/०५/२६ गते बिहिबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रिय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
१०. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको शेयर आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । शेयर नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने राजश्व, लाभकर, तथा अन्य सम्पूर्ण खर्च समेत सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।
११. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा १० प्रतिशत धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रिय कार्यालयबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै व्याज प्रदान गरिने छैन ।
१२. धितोमा रहेको शेयर विक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा शेयर बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
१३. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा सम्पर्क राखी बुझ्न सकिनेछ ।







## फेसबुक पोस्टले बदल्यो

# किशोरीको जन्मदिन

यो कथा हो जन्मदिन मनाउन बोलाइएका छरछिमेक र आफन्त नआउँदाको सुनसान घरदेखि स्टेडियमको भव्यतासम्म पुगेको एउटी किशोरीको। पात्र हुन् मेक्सिकोको सान लुइस पोतोसी राज्यको अक्स्टला डे टेराजासमा बस्ने १५ वर्षीया इसेला अनाही सान्तियागो मोरालेस। अक्स्टला डे टेराजास सान लुइस पोतोसी राज्यको ३२ हजार जनसंख्या भएको सहर हो।



इसेला आमाबुबा र बहिनीका साथ बस्छिन्। टिनको छानो भएको काठको घर छ। आमाबाबु फोहोरका प्लाष्टिक बटुलेर गुजारा चलाउँछन्। उनीहरूलाई ठुली छोरी इसेलाको १५औं जन्मदिन 'क्विन्सेआनेरा' राम्रैसँग मनाउने धोको थियो। त्यसका लागि निकै मुस्किलले बचत गर्दै आएका हुन्छन्।

ल्याटिन अमेरिकी संस्कृतिमा छोराछोरीको किशोरावस्थाको यो जन्मदिन विशेष मानिन्छ। तर, जब ९ जुलाईमा पार्टी राखियो, बोलाइएकामध्ये अधिकांश पाहुना उनीहरूको घरमा आइदिएनन्। खाना र तयारी बर्बाद नहोस् भनेर बाबु रमोनले फेसबुकमा पोस्ट गरे- 'हामीसँग अझै ४० जनालाई पुग्ने खाना छ।' यही साधारण पोस्टले उनीहरूको जीवन नै बदलिदियो।

एउटा बाबुको पोस्टमा चिन्ता थियो। पोस्ट निकै भाइरल भयो। त्यसपछि मानिसहरूले चासो देखाउन थाले। सुरुमा परिवारले सोचेजस्तो सामान्य कार्यक्रम हुने थियो। तर तुरुन्तै परिस्थिति बदलियो। स्थानीय फोटोग्राफरले निःशुल्क फोटो खिचिदिन्छौं भने। डीजे र इभेन्ट आयोजक जेरेनिमो रोसालेसले पार्टीमा निःशुल्क संगीत दिने घोषणा गरे। दाताहरूबाट पनि सहयोग आउन थाल्यो। जन्मदिनको पार्टी राख्न नगरपालिकाले स्टेडियम उपलब्ध गरायो। त्यो रात मुसलधारे पानी परेको थियो। तैपनि उनको जन्मदिनको पार्टी अस्वाभाविकरूपमा भीडभाडका साथ मनाउन सम्भव भयो। वर्षाको फिक्री नगरी यति धेरै मानिसहरू भेला भए की उनीहरूले कल्पना पनि गरेका थिएनन्।

करिब दुई हजार मानिस आए, केही त टेक्सासबाट समेत पुगे। एक दर्जनभन्दा बढी स्थानीय सांगीतिक समूहले सित्तैमा प्रस्तुति दिए। मुख्य प्रस्तुति राज्य सरकारले नै खर्च गरेर आयोजना गर्‍यो। नेताहरूले समेत स्टेजमा भाषण गरे। बाबुका पोस्टमा प्रतिक्रियाको बाढी आउन थालेपछि इसेलाले पनि आफ्नो जन्मदिनलाई अर्थपूर्ण बनाउन आग्रह गरेकी थिइन्। उनले भनेकी थिइन्, 'उपहार ल्याउन नसोच्नुहोस्, बरु विपन्न परिवारका बालबालिकाका लागि खेलौना ल्याउनुहोस्।'

पार्टीमा उनले सोचेभन्दा पनि भव्य भयो। स्टेजमा उनले एउटा पत्र पाइन्। खोलेर थाहा भयो कि उनलाई ९० वर्गमिटर जग्गा उपहार दिइएको छ। हर्षले मन थाम्न सकिनन्। उनी स्टेजमै रोइन्। त्यसबाहेक स्थानीय सरकारले उनलाई छात्रवृत्ति पनि दियो, ताकि उनले शिक्षिका बन्ने सपना पुरा गर्न सकून्। उनकी पूर्व शिक्षिकाले भनिन्, 'इसेलामाथिको ध्यान र सहयोग केवल आजका लागि मात्र सीमित नहोस्। उनी आफ्नो भविष्य बनाउन सकून्।' सहयोग निरन्तर हुनुपर्ने उनले बताइन्।

पार्टी बिहान उज्यालो हुन्जेलसम्म चल्यो। वर्षा भए पनि मानिसहरू रमाइलो गर्दै बसिरहे। स्टेजमा इसेलाले विशेष गीतमा कोरियोग्राफ गरिएको नृत्य गरिन्। उनले मुस्कुराउँदै जन्मदिनको केक काटिन्। उनका बाबु रमोन स्टेजमा गएर छोरीसँग एकपटक मात्रै नाचे। प्रसिद्धि र भाइरल भएकोबारे सोध्दा इसेलाले भनेकी थिइन्, 'मलाई थाहा छैन।' तर त्यो रात उनले ठूलो पार्टीमात्र होइन, समुदायको माया र साथको अनुभव गरिन्।

यो घटना मेक्सिकोमा पहिलो भने होइन। सन् २०१६ मा यही राज्यमा रुबी इबारा नामकी किशोरीको जन्मदिन पनि भाइरल भएको थियो। उनका बाबुले खुला निम्ता दिएपछि लाखौंले फेसबुकमा सहभागिता जनाएका थिए र सयौंको संख्यामा कार्यक्रममा पुगेका थिए। इसेलाको कथा पनि त्यस्तै चर्चित भयो। फेसबुकको एउटा सानो पोस्टले एक किशोरीको जीवनमा ठूलो खुशी ल्यायो। पार्टीले उनलाई क्षणिक प्रसिद्धिमात्र होइन, समुदायको प्रेम र ऐक्यबद्धताको अनुभव पनि दिलायो। - *एपी*

# जब पग्लिन्थ्यो कृषको मास्क...



बलिउडका गसिप बजारमा यतिबेला एउटै चर्चा छ - के 'कृष ४' आउँदैछ ? हो, बलिउडका शोम्यान निर्माता निर्देशक राकेश रोशन आफ्नो सुपरहिरो फ्रेन्चाइजीलाई अगाडि बढाउने तयारीमा जुटिसकेका छन्। फिल्मको कथामा काम धमाधम भइरहेको छ र यसपटकको कथाले दर्शकलाई सोच्नसमेत नसक्ने गरी चकित पार्नेछ। सुनिन्छ, यसपटक ऋतिक रोशन निर्देशनमा समेत सहकार्य गर्न सक्नेछन्। बाबु-छोराको यो जोडीले फेरि एकपटक बक्स अफिसमा तहल्का मच्चाउने अनुमान छ।

'कृष' सिरिजको कुरा गर्दा यसका किस्साहरू पनि कम रोचक छैनन्। विशेषगरी, कृषको पहिचान बनेको त्यो कालो मास्कको कहानी त झनै रमाइलो छ। 'कृष' को सुटिङका बेला ऋतिकले लगाउने त्यो मास्क मोमबाट बनेको थियो ? निर्देशक राकेश रोशनले हालै एक अन्तर्वार्तामा खुलासा गरेअनुसार त्यो मास्क बनाउन करिब ६ महिना लागेको थियो। तर समस्या के थियो भने सेटको तातोले केही घण्टामै मास्क पग्लिन थाल्थ्यो।

समस्या हुन नदिन राकेशले एउटा अनौठो जुक्ति निकालेका थिए। उनले सुटिङ सेटमा चौबीसै घण्टा चल्ने एउटा एसी बस तैनाथ गरेका थिए। जब ऋतिकको मास्क पग्लिन थाल्थ्यो, उनी तुरुन्तै त्यो बसमा गएर नयाँ मास्क लगाउँथे। भनिन्छ, एउटै फिल्मको सुटिङका लागि यस्ता सयौं मास्कहरू बनाइएका थिए। मास्क मात्र होइन, ऋतिकले लगाउने कालो पहिरन पनि निकै गह्रौं थियो, जसले उनलाई एक्सन दृश्य गर्दा थप चुनौती दिन्थ्यो।

यो त भयो मास्कको कुरा। 'कोई... मिल गया' बाट सुरु भएको यो यात्राको अर्को रमाइलो किस्सा 'जादू' को हो। राकेश रोशनलाई एउटा एलियन भएको बालमैत्री फिल्म बनाउने आइडिया आफ्नी नातिनीले कार्टुन हेरिरहेको देखेर आएको थियो। उनी चाहन्थे कि एलियन यस्तो होस्, जसलाई देखेर बालबालिका डराउनुको साटो माया गरून्। त्यसपछि नै 'जादू' को डिजाइन तयार भयो, जसका लागि अष्ट्रेलियन कलाकारको मद्दत लिइएको थियो।

'कृष ३' मा विवेक ओबेरोयले खेलेको 'काल' को भूमिका होस् वा कंगना रनावतको 'काया' को चरित्र, हरेक भागमा रोशन परिवारले केही न केही नयाँ प्रयोग गरेको छ। अब 'कृष ४' मा के नयाँ होला ? के 'जादू' फर्की आउला ? वा यसपटक कृषको सामना उसैको खराब रूपसँग होला ? यी सबै प्रश्नको उत्तरका लागि दर्शकले प्रतीक्षा गर्नुपर्ने छ। तर एउटा कुरा पक्का छ, जब 'कृष' आउँछ, उसले आफूसँगै यस्तै रमाइला किस्साहरू लिएर आउँछ।

# ठूलो बजेट, कमजोर कथा

बलिउडले धेरै अपेक्षा गरेको 'वार २' ले बक्स अफिसमा कमाल देखाउन सकेको छैन। अयान मुखर्जीद्वारा निर्देशित फिल्ममा ऋतिक रोशन, एनटीआर जुनियर, कियारा आडवाणी लगायतका कलाकार छन्। फिल्म करिब लगभग ४०० करोड भारु लगानीको हो। यसमा मुख्य पात्रको भूमिकामा ऋतिक रोशन र दक्षिण भारतीय सुपरस्टार एनटीआर जुनियर छन्। दमदार अभिनय रहने भनिएको यशराज फिल्म्सको 'वार २' ले बक्स अफिसमा अपेक्षित सफलता हासिल गर्न नसक्दा बलिउड र दक्षिणका कलाकारलाई शीर्ष भूमिकामा राखेर कस्ता कथा ल्याउँदा उपयुक्त हुन्छ भन्ने प्रश्न उठेको छ। ठूलो तामझाम र प्रचारका साथ रिलिज भएको यो फिल्म दर्शक र समीक्षकको नजरमा



कमजोर साबित भएको छ।

'वार २' एक एक्सन-प्याक्ड जासूसी थ्रिलर हो, जसले यशराज फिल्म्सको स्पाई युनिभर्सको कथालाई अगाडि बढाउँछ। फिल्ममा ऋतिक रोशन 'कबीर' को भूमिकामा फर्किएका छन् भने एनटीआर जुनियर सिक्रेट एजेन्टको भूमिकामा छन्। कथा यी दुई पात्रबीचको टकराव र सहकार्यमा केन्द्रित छ। यद्यपि समीक्षकहरूले फिल्मको एक्सन दृश्य र भीएफएक्सको प्रशंसा गरे पनि यसको कमजोर पटकथा र अनुमान लगाउन सकिने कथालाई सबैभन्दा ठूलो कमजोरी मानेका छन्। फिल्ममा भावना र गहिराइको कमी महसुस हुने उनीहरूको टिप्पणी छ।

ठूलो बजेटमा बनेको 'वार २' ले पहिलो दिन राम्रो सुरुवात गरे पनि त्यसलाई कायम राख्न सकेन। पहिलो सप्ताहन्तपछि नै फिल्मको कमाइमा भारी गिरावट आयो। प्रदर्शनको १२ दिनसम्ममा फिल्मले घरेलु बक्स अफिसमा मुस्किलले २०० करोडको आँकडा पार गरेको छ, जसलाई बजेटको तुलनामा निकै निराशाजनक मानिन्छ। फिल्मलाई 'बक्स अफिस फ्लप' वा 'अन्डरपर्फर्मर' का रूपमा हेरिएको छ।

फिल्म व्यावसायिकरूपमा असफल भए पनि प्रमुख कलाकारहरूको कामले भने प्रशंसा पाएको छ। विशेषगरि एनटीआर जुनियरको अभिनय, स्क्रिन उपस्थिति र एक्सन दृश्यहरूलाई दर्शकले निकै रुचाएका छन्। उनको र ऋतिक रोशनबीचको 'फेस-अफ' दृश्यलाई फिल्मको मुख्य आकर्षण मानिएको छ। ऋतिक 'कबीर' को भूमिकामा आफ्नो छाप छोड्न सफल भएका छन्। तर, कमजोर कथाका कारण यी दुई शक्तिशाली कलाकारको अभिनयले मात्र फिल्मलाई सफल बनाउन सकेन। कियारा आडवाणीको भूमिका भने सीमित र यादगार नरहेको प्रतिक्रिया छ।




नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला